# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०२) पोखरा, असोज ०९ गते, २०७६ साल (संख्या ०३


## भाग २

### प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

<u>बजार अनुगमन नियमावली, २०७६</u>

संघीय संसदले बनाएको उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "बजार अनुगमन नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "अनुगमन संयन्त्र" भन्नाले प्रदेश बजार अनुगमन समिति, बजार अनुगमन टोली तथा निरीक्षक सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले संघीय संसदले बनाएको "उपभोक्ता संरक्षण ऐन, २०७५" सम्झनु पर्छ ।

(ग) "प्रदेश बजार अनुगमन समिति" भन्नाले ऐनको दफा २७ वमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले नियम ३ वमोजिम गठित प्रदेश बजार अनुगमन समिति सम्झनु पर्छ ।

(छ) बजार अनुगमन टोली भन्नाले नियम ६ वमोजिम गठित प्रदेश बजार अनुगमन टोली सम्झनु पर्छ ।

(ज) "स्थानीय बजार अनुगमन समिति" भन्नाले ऐनको दफा २८ वमोजिमको समिति सम्झनु पर्छ ।

परिच्छेद-२

**प्रदेश बजार अनुगमन समिति सम्वन्धी व्यवस्था**

३. **प्रदेश बजार अनुगमन समितिः** (१) उपभोक्ताको हक, हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरीवेक्षण तथा अनुगमन गर्न उपनियम (२) वमोजिम प्रदेश बजार अनुगमन समिति गठन गरिएको छ।

(२) उपनियम (१) बमोजिमको प्रदेश बजार अनुगमन समितिमा देहाय

बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) सचिव, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय - संयोजक

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सचिव (कानून), मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(घ) प्रदेश प्रहरी प्रमुख, गण्डकी प्रदेश - सदस्य

(ङ) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - सदस्य

(च) अध्यक्ष, प्रदेश उद्योग वाणिज्य संघ, गण्डकी प्रदेश - सदस्य

(छ) उपभोक्ता हक, हित तथा संरक्षणको क्षेत्रमा कम्तिमा २ वर्ष क्रियाशील संघ संस्था मध्येबाट मन्त्रालयले मनोनयन गर्ने (कम्तिमा एक जना महिला सहित दुई जना) - सदस्य

(ज) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य- सचिव

(३) प्रदेश बजार अनुगमन समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

४. **प्रदेश बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : (१) प्रदेश बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्था गर्न प्रदेश सरकारलाई आवश्यक सुझाव दिने ।

(ख) वस्तु वा सेवाको दर्ता, आपूर्ति व्यवस्था, मूल्य, नापतौल, गुणस्तर शुद्धता विज्ञापन लगायत व्यापारिक क्रियाकलापको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने।

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था विश्लेषण तथा प्रक्षेपण गर्ने, गराउने ।

(घ) कालोवजारी, एकाधिकार (सिण्डिकेट), मिलोमतोपूर्ण मूल्य निर्धारण (कार्टेलिङ) तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैह्र प्रतिस्पर्धी क्रियाकलाप भए नभएको अनुगमन गर्ने, गराउने।

(ङ) उपभोक्ता हितका विषयमा सरकारी निकाय, व्यक्ति वा संस्थावाट प्राप्त सूचना वा उजूरी उपर आवश्यक कारवाही गर्ने, गराउने।

(च) संघीय सरकार तथा प्रदेश सरकारले दिएका अन्य निर्देशनको कार्यान्वयन गर्ने, गराउने ।

(छ) प्रदेश स्तरमा सरकारी निकाय, गैरसरकारी तथा निजी वा सामुदायिक संघ/संस्थाहरुवाट संचालन हुने उपभोक्ता शिक्षा तथा सचेतना सम्वन्धी कार्यक्रममा समन्वय तथा सहजीकरण गर्ने ।

(ज) संघीय सरकार तथा स्थानीय तहवाट हुने बजार अनुगमन सम्वन्धी काम कारवाहीको समन्वय तथा सहजीकरण गर्ने ।

(झ) सार्वजनिक हितको लागि आवश्यक एवं उचित लागेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशित आदेश द्धारा सोही आदेशमा तोकिएको अन्य आवश्यक सेवामा हड्ताल निषेध गर्न सक्नेछ ।

(ञ) आवश्यकता अनुसार समिति तथा उपसमितिहरुको गठन गरी निर्देशन दिने ।

(ट) प्रदेश बजार अनुगमन कार्ययोजना स्वीकृत गर्ने ।

(ठ) उत्कृष्ट काम गर्ने तथा सेवा पुर्याउने व्यवसायीलाई पुरस्कृत गर्ने ।

(ड) तोकिए वमोजिमको अन्य कार्य गर्ने ।

(२) समितिले आफूमा निहित अधिकार प्रदेश सरकार अन्तर्गतका कुनै कार्यालय, पदाधिकारी, उपसमिति, बजार अनुगमन टोली तथा स्थानीय तह समेतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ । समितिले वैठकको कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(४) समितिको सचिवालय मन्त्रालयमा रहने छ ।

## परिच्छेद -३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**५. बजार अनुगमन सम्बन्धमा मन्त्रालयको भूमिका :** वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य,

गुणस्तर, शुद्धता, नाप तौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन मन्त्रालयले देहाय वमोजिमको व्यवस्था गर्नेछः-

(क) उपभोक्ता हक, हित तथा अधिकार संरक्षण गर्न बजार अनुगमन सम्वन्धी नीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गर्ने ।

(ख) सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्वन्धी कानून तथा मापदण्ड निर्धारण कार्यान्वयन र नियमन गर्ने।

(ग) वस्तु वा सेवाको नियमित आपूर्ति व्यवस्थित गर्न प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने, गराउने।

(घ) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता गर्ने गराउने ।

(ङ) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यान्वयन गर्ने गराउने ।

(च) उपभोक्ता हक हित, शिक्षा तथा सचेतना कार्यक्रम कार्यान्वयन तथा अनुगमन गर्ने गराउने ।

(छ) मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर, शुद्धता, परीक्षण एवं नियमन गर्ने, गराउने ।

(ज) अनाधिकृत मूल्य, कालोवजारी तथा कृत्रिम अभाव नियन्त्रण गर्ने ।

६. **<u>प्रदेश बजार अनुगमन टोली गठनः</u>** (१) वस्तु वा सेवा प्रदान गर्ने व्यवसायको दर्ता, नवीकरण, वस्तु तथा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एंव आकस्मिक अनुगमन तथा नियमनको लागि देहाय अनुसारको बजार अनुगमन टोली गठन गरिएकोछः-

(क) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित विषयगत कार्यालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) निरीक्षण अधिकृत - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, सम्बन्धित स्थानीय तह - सदस्य

(च) प्रतिनिधि, प्रदेशमा उपभोक्ता हक, हित संरक्षणमा कम्तीमा २ वर्ष क्रियाशील संस्था मध्येबाट निर्देशनालयले तोकेको १ जना - सदस्य

(छ) प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य संघ - सदस्य

(ज) प्रतिनिधि, गुणस्तर तथा नापतौल कार्यालय - सदस्य
(झ) प्रतिनिधि खाद्य तथा गुणनियन्त्रण कार्यालय - सदस्य
(ञ) अधिकृत, प्रतिनिधी प्रदेश प्रहरी कार्यालय - सदस्य
(ट) प्रतिनिधी, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश - सदस्य
(ठ) निर्देशनालयको, उपभोक्ता हित संरक्षण शाखा हेर्ने प्रमुख -सदस्य सचिव

(२) प्रदेश अनुगमन टोलीमा आवश्यकतानुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) अनुगमन टोलीमा संयोजक र सम्बन्धित विषयगत कार्यालयको प्रतिनिधि सहित कम्तीमा ५ जना प्रतिनिधि सहभागी भएमा बजार अनुगमन गर्न सकिनेछ ।

(४) उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले मासिक रूपमा अनुसूची (१) वमोजिमको ढाँचामा बजार अनुगमनको प्रतिवेदन मन्त्रालय तथा बजार अनुगमन समितिमा पेश गर्नु पर्नेछ ।

(५) प्रदेश बजार अनुगमन टोलीको वैठक कम्तीमा महिनामा एक पटक वस्नेछ ।

(६) प्रदेश बजार अनुगमन टोलीले प्रदेश अन्तर्गतका सवै जिल्लाहरुमा अनुगमन गर्न सक्नेछ ।

७. **<u>प्रदेश बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रदेश बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र मासिक अनुगमन कार्य तालिका बनाई प्रदेश बजार अनुगमन समितिमा पेश गर्ने,

(ख) कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापहरु प्रचलित कानून वमोजिम भए नभएको अनुगमन गर्ने र प्रचलित कानून बमोजिम नभएको पाइएमा नियमित गर्न लिखित निर्देशन दिने,

(घ) कालो बजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता

गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने र भएको देखिएमा प्रतिवेदनमा उल्लेख गरी बजार अनुगमन समितिमा आवश्यक कानूनी कारवाहीको लागि पेश गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट / गुणस्तरहीन) कम तौल भएको पाइएमा प्रचलित कानून वमोजिम त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का वा बन्द (शिलवन्दी) गर्ने,

(च) प्रदेश बजार अनुगमन समितिवाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने ।

(छ) विक्रेताले अधिकतम २० प्रतिशत भन्दा वढी मुनाफा लिई मालसामान विक्री गर्न पाइने छैन । सोभन्दा वढी मुनाफा लिई विक्री गरेको पाइएमा सम्बन्धित व्यवसाय वा पसल बन्द गराइ शिलवन्दी गरी नियमानुसार कारवाई प्रकृया अगाडि बढाउन सकिनेछ ।

(ज) जिल्ला अनुगमन टोलीलाई आवश्यक सहयोग सुझाव एवम् निर्देशन दिने,

(झ) बजार अनुगमनको प्रतिवेदन दश दिन भित्र प्रदेश बजार अनुगमन समितिमा पेश गर्ने ।

(ञ) प्रचलित कानून वमोजिम तोकिएका अन्य कार्यहरु गर्ने ।

(२) उपनियम (१) वमोजिम अनुगमन गर्दा उपनियम (१) खण्ड (क) देखि (छ) सम्म उल्लेख भएका कुनै क्रियाकलाप वा अनियमितता भएको देखिएमा प्रदेश बजार अनुगमन टोलीले त्यस्तो कारोवार रोक्का राख्न वा त्यस्तो पसल वा गोदामघरलाई शिलवन्दी गर्न सक्नेछ ।

(३) प्रदेश बजार अनुगमन टोलीले बजार अनुगमन गरी मासिक रुपमा बजार अनुगमन प्रतिवदेन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) प्रदेश बजार अनुगमन टोलीको वैठक सामान्यतया महिनामा एक पटक वस्नेछ ।

८. **<u>जिल्ला बजार अनुगमन टोलीः</u>** (१) वस्तु वा सेवा प्रदायक व्यवसाय दर्ता ,मूल्य, गुणस्तर, शुद्धता, नापतौल, सेवा आपूर्ति, नवीकरण, लगायतका व्यापारिक त्रियाकलापको नियमित एवं आकस्मिक अनुगमनको लागि देहाय वमोजिमको जिल्ला

अनुगमन टोली गठन गरिएको छ:-

(क) प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय - संयोजक
(ख) प्रतिनिधि, सम्वन्धित विषयगत कार्यालय - सदस्य
(ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य
(घ) प्रतिनिधि, सम्वन्धित स्थानीय तह - सदस्य
(ङ) प्रतिनिधि, सम्वन्धित जिल्लामा उपभोक्ता हित संरक्षणको क्षेत्रमा कम्तीमा २ वर्ष क्रियाशिल संस्था मध्ये संयोजकले तोकेको १ जना - सदस्य
(च) प्रतिनिधि, उद्योग वाणिज्य संघ - सदस्य
(छ) प्रतिनिधि, गुणस्तर तथा नापतौल कार्यालय - सदस्य
(ज) प्रतिनिधि, खाद्य तथा गुण नियन्त्रण कार्यालय - सदस्य

(झ) प्रतिनिधि, प्रहरी कार्यालय -सदस्य
(ञ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला समिति -सदस्य
(ट) घरेलु तथा साना उद्योग कार्यालय सम्वन्धित शाखा हेर्ने कर्मचारी -सदस्य सचिव

(२) अनुगमन टोलीमा संयोजक र सम्बन्धित विषयगत कार्यालयको प्रतिनिधि सहित कम्तीमा ५ जना प्रतिनिधि सहभागी भएमा बजार अनुगमन गर्न सकिनेछ ।

९. **<u>जिल्ला बजार अनुगमन टोलीको काम कर्तव्य र अधिकार</u> :** (१) जिल्ला बजार अनुगमन टोलीका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्य तालिका बनाई प्रदेश बजार अनुगमन टोलीमा पेश गर्ने,
(ख) कार्य योजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,
(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापहरु प्रचलित कानून वमोजिम भए नभएको अनुगमन गर्ने र प्रचलित कानून बमोजिम नभएको पाइएमा नियमित गर्न लिखित निर्देशन दिने,
(घ) कालो बजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतोपूर्ण मूल्य निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने

जस्ता गैह्र प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको तथा म्याद नाघेको उपभोग्य सामाग्री विक्री गरे/नगरेको अनुगमन गर्ने र अनियमितता भएको देखिएमा प्रतिवेदनमा उल्लेख गरी प्रदेश बजार अनुगमन टोलीमा आवश्यक कानूनी कारबाहीको लागि पेश गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट / गुणस्तरहीन) भएको वा कम तौल भएको देखिएमा / भेटिएमा नियमानुसार त्यस्ता वस्तु जफत गर्ने वा नष्ट गर्ने,

(च) प्रचलित बजार मूल्य भन्दा बढी मूल्यमा सेवा वा सामान विक्री गरे/नगरेको अनुगमन गर्ने,

(छ) विक्रेताले अधिकतम २० प्रतिशत भन्दा वढी मुनाफा लिई माल सामान विक्री गर्न पाइनेछैन। सो भन्दा वढी मुनाफा लिई विक्री गरेको पाइएमा सम्बन्धित व्यवसाय वा पसल शिलवन्दी गर्न सकिनेछ ।

(ज) प्रदेश बजार अनुगमन टोलीवाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने,

(झ) ऐन तथा प्रचलित अन्य कानून बमोजिम तोकिएका कार्यहरु गर्ने ।

(२) उपनियम (१) वमोजिम अनुगमन गर्दा उपनियम (१) खण्ड (क) देखि (छ) सम्म उल्लेख भएका कुनै क्रियाकलाप वा अनियमितता भएको देखिएमा जिल्ला बजार अनुगमन टोलीले त्यस्तो कारोवार रोक्का राख्न वा त्यस्तो पसल वा गोदामघरलाई शिलवन्दी गर्न सक्नेछ ।

(३) जिल्ला बजार अनुगमन टोलीले कम्तीमा पाक्षिक रुपमा बजार अनुगमन गरी मासिक रुपमा बजार अनुगमन प्रतिवदेन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) जिल्ला बजार अनुगमन टोलीको वैठक सामान्यतया महिनामा एक पटक वस्नेछ ।

**१०. <u>बजार अनुगमन कार्यविधिः</u>** (१) बजार अनुगमन संयन्त्रले अनुसूची २ मा उल्लेखित वस्तु र सेवाहरुको अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ।

(२) बजार अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान

दिनुपर्नेछः-

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्र, खाद्य अनुज्ञा-पत्र, पोली क्लिनिक, नर्सिङ होम, अस्पताल, सूचना गृह, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरू लिएको छ / छैन हेर्ने । साथै प्रमाणपत्र नियमित रूपमा नवीकरण भए / नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी निर्देशनालयमा / स्थानीय सरकार / सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय / समितिमा पेश गर्न लिखित निर्देशन दिने निरीक्षणको क्रममा अनुमती लिन पाउने आधार नभइकन अनुमती लिएको पाइएमा, अनुमति लिदा भएका पूर्वाधार हाल नदेखिएमा सम्वन्धित निकायलाई जानकारी गराउने ।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ /छैन हेर्ने । नराखेको भए ३ दिनभित्रमा राखी सम्बन्धित कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने।

(ग) प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्य सूची राखेको छ/ छैन हेर्ने र नराखेको भए ३ दिनभित्रमा राखी सम्बन्धित कार्यालयलाई सोको जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ/छैन हेर्ने र आवश्यकता अनुसार वस्तुका नमूना संकलन गरी परीक्षणका लागि तोकिएको प्रयोगशालामा पठाउने ।

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको माल उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ /छैन हेर्ने र आवश्यकता अनुसार वस्तुका नमूना संकलन गरी परीक्षणका लागि तोकिएको प्रयोगशालामा पठाउने ।

(छ) औषधी वा औषधीयुक्त पदार्थ भए सोको प्याकिङ्ग, प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधीं विज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधी बिक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(ज) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, बिस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने र आवश्यकता अनुसार वस्तुका नमूना संकलन गरी परीक्षणका लागि तोकिएको प्रयोगशालामा पठाउने ।

(झ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाइ गरेको छ छैन हेर्ने । पुनः लेबलिङ्ग वा छपाइ गरेको पाइएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृतिअनुसार मुचुल्का गरी नष्ट गर्ने ।

(ञ) माछा, मासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल वधशाला वा माछा, मासु बिक्रीस्थल सफा सुग्घर र मापदण्ड अनुसार छ छैन हेर्ने र आवश्यकता अनुसार वस्तुका नमूना संकलन गरी परीक्षणका लागि तोकिएको प्रयोगशालामा पठाउने ।

(ट) बिक्रेताले क्रेतालाई वस्तु तथा सेवाको विलविजक जारी गरेको छ छैन हेर्ने, विलविजक अनिवार्य रुपमा जारी गर्न निर्देशन दिने ।

## परिच्छेद-४
## उजुरी सम्बन्धी व्यवस्था

**११.** **उजुरी दिन सक्नेः** (१) कुनै वस्तु वा सेवाको बिक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरीत व्यापारिक क्रियाकलाप गरेको भनी कुनै व्यक्ति वा संस्थाले निर्देशनालय, समिति, बजार अनुगमन टोली वा मन्त्रालयको वाणिज्य तथा आपूर्ति महाशाखामा मौखिक वा लिखित रुपमा सूचना वा उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमका निकायले सार्वजनिक सञ्चार माध्यम, सामाजिक संजाल आदिबाट प्राप्त सूचनालाई समेत उजुरीको रूपमा ग्रहण गर्न सक्नेछन् ।

(३) उपनियम (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट लेखी आएमा सो समेत लाई उजुरीको रूपमा ग्रहण गरी समिति /उपसमिति /बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा बिक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा

तत्काल कारबाही चलाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा गुनासो सिकायत भएमा बिक्रेता वा सेवा प्रदायकले समिति वा प्रदेश बजार अनुगमन टोली समक्ष लिखित रूपमा जानकारी गराउन सक्नेछ ।

## परिच्छेद-५

## मूल्य अनुगमन सम्बधी व्यवस्था

**१२. प्रदेश मूल्य अनुगमन टोली :** (१) उपभोग्य वस्तु तथा सेवाको मूल्य अनुगमन, नियमन गर्न देहायको प्रदेश मूल्य अनुगमन टोली गठन गरिएको छः-

(क) उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वाणिज्य तथा आपूर्ति हेर्ने अधिकृत -संयोजक

(ख) खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) गुणस्तर तथा नाप तौल कार्यालयको प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित स्थानीय निकायको उपभोक्ता हित हेर्ने प्रतिनिधि - सदस्य

(ङ) उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(च) स्थानीय उपभोक्ता हक हित संस्थाको प्रतिनिधि - सदस्य

(छ) प्रदेश स्तरीय विषयगत कार्यालयको प्रतिनिधि - सदस्य

(ज) पत्रकार महासंघको प्रतिनिधि - सदस्य

(झ) सम्बन्धित प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(२) प्रदेश मूल्य अनुगमन टोलीको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(३) मूल्य अनुगमन टोलीको बैठक सामान्यतया प्रत्येक महिनामा बस्नेछ ।

(४) मूल्य अनुगमन टोलीको सचिवालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा रहनेछ।

(५) मूल्य अनुगमन टोलीले प्रचलित कानून वमोजिम कायम गरेको मूल्यको सूचना प्रकाशन गर्नु पर्नेछ र व्यवसायीले पनि अनिवार्य रुपमा उपभोक्ताले सजिलै देख्ने स्थानमा राखु पर्नेछ ।

(६) प्रदेश स्तरमा मूल्यको थपघट गर्नुपरेमा सम्बन्धित व्यवसायी समितिले सोको थपघट गर्नुपर्नाको तथ्यपरक आधार र कारण सहित निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ र निर्देशनालयले १५ दिन भित्र मूल्य अनुगमन टोलीको बैठक वसी बैठकले कायम गरिदिए बमोजिम मूल्य मान्य हुनेछ ।

(७) यस टोलीले प्रदेश भित्रका विभिन्न स्थानको लागि उत्पादन लागत, ढुवानी खर्च, पैठारी कर्ताले कानुन बमोजिम बुझाएको भन्सार कर, दस्तुर र बिक्रेताले लिन पाउने मुनाफा रकम र स्थानिय उपलब्त्रताको आधारमा मूल्य मापदण्ड कायम गर्न सक्नेछ ।

(८) कृषि तथा पशुजन्य वस्तुको मूल्य कायम गर्दा स्थानिय कृषकको हितलाई प्राथमिकता दिइनेछ ।

(९) उत्पादनको विक्री मूल्य, थोक मूल्य र खुद्रा मूल्य कायम गर्न सकिनेछ ।

(१०) वस्तु तथा सेवाको अधिकतम मूल्य समेत तोक्न सकिनेछ ।

(११) व्यवसायी संस्थाले कार्टेलिङ गरी तोकिएको मूल्यलाई मान्यता दिइने छैन ।

(१२) कायम भएको मूल्यमा चित्त नबुझ्ने उत्पादक वा विक्रेताले निर्देशनालयमा निवेदन पेश गर्न सक्नेछ । उक्त निवेदन उपर ७ दिन भित्र निर्णय गर्नुपर्नेछ ।

(१३) मूल्य अनुगमन टोलीको बैठकका निर्णयहरु ३ दिन भित्र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

(१४) मूल्य सम्बन्धि अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

(१५) कुनै पनि वस्तु वा सेवाको मूल्यमा घटवढ वा कायम गर्नुपर्ने विशेष अवस्था भएमा निर्देशनालयले टोलीको वैठक वोलाई बैठकको निर्णय बमोजिम गर्नेछ ।

**१३. <u>जिल्ला मूल्य अनुगमन टोली</u>** : उपभोग्य वस्तु तथा सेवाको मूल्य अनुगमन नियमन गर्न, जिल्लामा देहाय बमोजिमको मूल्य अनुगमन टोली गठन गरिएको छः-

(क) घरेलु तथा साना उद्योग कार्यालको कार्यालय प्रमुख -संयोजक

(ख) विषयगत कार्यालयको प्रतिनिधि -सदस्य

(ग) खाद्य तथा गुण नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

(घ) सम्वन्धित स्थानीय तहको उपभोक्ता हकहित हेर्ने शाखाको प्रतिनिधि -सदस्य
(ङ) सम्वन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य
(च) सम्वन्धित व्यवसायी प्रतिनिधि वढीमा तीन जना -सदस्य
(छ) स्थानीय उपभोक्ता हक हित संस्थाको प्रतिनिधि -सदस्य
(ज) पत्रकार महासंघको प्रतिनिधि -सदस्य
(झ) स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य
(ञ) सम्वन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य
(ट) पूर्वाधार विकास कार्यालयको प्रतिनिधि -सदस्य

**१४. <u>वस्तु तथा सेवाको मूल्य कायम गर्ने प्रकृया</u> :** प्रदेश तथा जिल्ला मूल्य अनुगमन टोलीले देहायका प्रकृया अवलम्वन गरी वस्तु तथा सेवाको मूल्य कायम गर्ने छः-

(१) प्लम्विङ्ग, इलेक्ट्रिसियन, मिस्त्री, ज्यामी, लेखापढी व्यवसायी, निजी क्षेत्रको शिक्षण शुल्क, शिक्षा इन्जिनियरिङ्ग, कपाल काट्ने नाई, व्युटी पार्लर, होटल रेष्टुरा स्तर हेरी, कृषि मजदुर तथा अन्य व्यक्तिगत व्यवसायहरु मूल्य वा दररेट कायम गर्दा वार्षिक रुपमा गर्ने ।

(२) दुग्ध तथा मासुजन्य वस्तुको मूल्य अर्ध वार्षिक रुपमा स्थानीय उत्पादनलाई प्राथमिकता दिई कायम गर्ने।

(३) अन्य खाद्य तथा निर्माण सामग्री र अन्य मूल्य कायम गर्न सकिने मूल्य नतोकिएका वस्तुको आवश्यकतानुसार मूल्य कायम गर्ने।

(४) मूल्य कायम गर्दा विचौलिया प्रणालीलाई निरुत्साही गर्ने ।

(५) ढुङ्गा, गिटी, वालुवा जस्ता खानी जन्य वस्तुको मूल्य अर्धवार्षिक रुपमा कायम गर्ने ।

(६) न्यून विजकीकरण गरी माल वस्तु खरिद गरी विक्री गर्न पाइने छैन । खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि वा भंसार प्रज्ञापन पत्रमा उल्लेख गरेको मूल्य नै खरिद मूल्यको रुपमा लिन सक्ने ।

(७) इलेक्ट्रोनिक्स, सिमेन्ट, छड, औषधी जन्य लगायतको वस्तु खरिद विक्री गर्दा N.S चिन्ह प्राप्त गरेकोलाई प्राथमिकता दिई मूल्य कायम गर्ने ।

(८) तरकारी तथा फलफूलको मूल्य कायम गर्दा स्थानीय उपलव्धता, माग तथा आपूर्ति, सिजन तथा अन्य परिस्थिति जन्य अवस्थालाई ख्याल गरेर उत्पादक, विक्रेता तथा उपभोक्ताको हित अनुकुल हुने गरी तय गर्न सक्ने ।

(९) अन्य वस्तु तथा सेवाको मूल्य आवश्यकता अनुसार कायम गर्ने ।

(१०) वस्तु तथा सेवाको विक्री मूल्य कायम गर्दा प्रचलन अनुसार सयकडा २० भन्दा कम मुनाफा हुनेगरी गर्ने।

(११) कायम गरिएको मूल्य सूचनाको माध्यामवाट सार्वजनिक गर्न सक्ने ।

१५.**<u>अनुगमनको पूर्व तयारीः</u>** अनुगमन संयन्त्रले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नुपर्नेछ :-

(१) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार गर्नुपर्नेछ ।

(२) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सोसँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेक लिस्ट साथै लिई जानु पर्नेछ ।

(३) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(४) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नु पर्नेछ ।

१६. **<u>बजार अनुगमन गर्ने प्रकृयाः</u>** (१) बजार अनुगमन गर्दा अनुगमनमा खटिई जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा विरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(३) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना सङ्कलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना सङ्कलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ । सम्बन्धित व्यवसायीले मुचल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहबरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी

समेत गरी परीक्षणको लागि यथाशीघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउनु पर्नेछ।

(४) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी अनुसूची ३ बमोजिम स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(५) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असरपर्ने देखिएमा त्यस्ता वस्तुको नमूना सङ्कलन गरी प्रमाणको रूपमा सुरक्षित राखी अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुर्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहबरमा अनुसूची ४ बमोजिमको मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नु पर्नेछ । सङ्कलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिने छ ।

(६) बजार अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा वस्तु वा सेवा राखेको स्थानको नियमानुसार जाँचवुझ वा खानतलासी गर्न सक्नेछ ।खानतलासीवाट वस्तु वा सेवाको विक्रीवितरणमा अनुचित वा अनियमित कार्य गरेको पाईएमा आवश्यकताअनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा विक्री वितरणमा रोक लगाउन सक्नेछ ।

(७) अनुगमन गर्दा कुनै कानूनी कारबाही गर्नुपर्ने देखिएमा अनुगमन संयन्त्रले सम्बन्धित व्यावसायीसंग तुरुन्त स्पष्टीकरण माग गर्न सक्नेछ ।

(८) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसन्धान र तहकिकात गर्न प्रचलित कानून वमोजिम अधिकार प्राप्त अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ ।

(९) उपनियम (८) वमोजिम लेखिआएमा सम्बन्धित अधिकारीले प्रचलित कानून वमोजिम प्रकृया पुरा गरी सम्बन्धीत निकायमा मुद्दा दायर गर्नुपर्नेछ ।

(१०) उपनियम (५) वमोजिम अनुगमन संयन्त्रले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यावसायीले व्यहोर्नु पर्नेछ ।

(११) अनुगमन गर्दा प्रचलित ऐन नियम अनुसार तयार गरिएका चेकलिष्टका विषयमा उद्यमी व्यावसायी पसलहरुलाई जानकारी प्रदान गरी दुवै पक्षको उपस्थितिमा विवरण तयार गर्नुपर्नेछ ।

(१२) अनुगमन गरिएका वस्तु मालसामानहरुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुर्ने

भएमा प्रचलित कानून वमोजिम नमूना संकलन गर्नुपर्नेछ ।

(१३) निरीक्षण जाँचवुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा प्रचलित कानून अनुसार गर्नुपर्नेछ ।

(१४) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भई कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ यसरी सिलवन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समायावधि दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सक्नेछ ।

(१५) उद्योगले सुधारात्मक कार्यहरु गर्न सिलवन्दी हटाई पाँउ भनी सिलवन्दी गर्ने निकायमा निवेदन दिएमा सम्बन्धित निकायले सुधारात्मक कार्य गर्न सिलवन्दी हटाई दिन सक्नेछ । पुन: अनुगमन गर्दा सुधार भएको नपाईएमा कानून वमोजिम कारबाही अगाडि वढाउनेछ ।

(१६) वस्तु वा सेवाको आपूर्ति व्यवस्था नियमित भए नभएको, उपलव्धता सहज भए नभएको, सामाजिक रुपमा स्वीकार्य भए नभएको, उचित मूल्य र सुलभ पहुँच भए नभएको, सेवा तथा वस्तुको मापदण्ड तोकिए नतोकिएको वा मापदण्ड अनुसार गुणस्तर भए नभएको, नापतौल सामग्री दुरुस्त भए नभएको, वस्तुमा मूल्य र लेवल भए नभएको तथा विक्रीस्थलमा मूल्यसूची र साइनवोर्ड भए नभएको विषयमा अनुगमन संयन्त्रले हेर्नुपर्नेछ ।

(१७) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair trade Practices), कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए नभएको विषयमा समेत अनुगमन संयन्त्रले हेर्नु पर्नेछ ।

(१८) खान योग्य प्रमाणित भएमा स्त्री जाति चौपाय समेत वध गर्न अनुमति लिई मूल्य सूचिमा उल्लेख गरी बिक्री बितरण गर्न पाइनेछ तर मासु पसलेले झुक्काएर स्त्री जाति चौपाएलाई भाले जातको रुपमा विक्री वितरण गरेमा वा स्त्री जाती चौपाय वध गर्न अनुमति नलिइ वध गरेमा नियमानुसार कारबाही गरिने छ ।

(१९) अनुगमन गर्दा कसैको व्यवसायमा त्रुटीलाई सुधार गर्ने अवस्था देखिएमा सुधार गर्ने अवसर दिइ पुन ३ महिनामा भित्रमा अनुगमन गरि कैफियत

जनाई पुन पटकेको रुपमा कारबाहीको लागी सिफारिस गरिने छ ।

(२०) कुनै पनि वस्तु वा सेवामा मूल्य तिरे पछि थप सेवा शुल्क वा सर्भिस चार्ज मानेर लिन पाइने छैन।

(२१) मूल्य अनुगमन टोलीले कायम गरेको मूल्य वा प्रचलित दरमा तोकिएके मूल्यमा सामान बेच्न अटेरी गर्ने व्यवसायीलाइ कालो बजारी ऐन अनुसार कारबाही गरिने छ।

**१७. <u>अत्यावश्यक वस्तु र सेवाहरुको अनुगमन गर्दा थप ध्यान दिनुपर्ने कुराहरु</u> :** आवश्यक वस्तु संरक्षण ऐन, २०१२ तथा आवश्यक सेवा संचालन ऐन, २०१४ वमोजिम अत्यावश्यक वस्तु र सेवाहरुको अनुगमन गर्दा देहाय बमोजिम ध्यान दिनुपर्नेछः-

(१) उपभोक्ताको जिउज्यान, स्वास्थ्य र सम्पतिको सुरक्षामा प्रतिकूल असर परे नपरेको,

(२) उत्पादन विक्रीवितरण गर्दा कानूनी प्रकृया पूरा गरे नगरेको,

(३) नापतौल गुणस्तर र मूल्य ठीक भए नभएको, वस्तु वा सेवा मापनका उपकरण ठीक नभएको र उपभोक्तालाई सो सम्वन्धमा सूचना दिए नदिएको,

(४) उत्पादन र आपूर्ति हुने स्थान र सोको वातावरणीय पक्षहरु ठीक भए नभएको,

(५) प्रतिस्पर्धा र स्वच्छ बजार प्रवर्द्धन ट्रेडमार्क लेवल र विज्ञापन प्रचार प्रसारको सत्यता भए नभएको,

(६) खाद्य वस्तुमा स्वास्थ्यलाई प्रतिकूल असर पार्ने औषधी विषादी र रसायनको प्रयोग भए नभएको,

(७) उत्पादनको स्वीकृति लिदाको अवस्थामा पेश भएका न्यूनतम पुर्वाधारहरु हाल भए नभएको ।

(८) आवश्यक देखिएका अन्य कुराहरु ।

## परिच्छेद -६

## <u>आचार संहिता</u>

**१८. <u>आचार संहिताः</u>** बजार अनुगमन गर्न जाने अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः-

(१) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा पूर्व जानकारी गराउनु हुँदैन,

(२) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नाता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(३) अनुगमन कार्यमा संलग्न कुनैपनि सदस्यले अनुगमन गर्ने बिक्रेता व्यवसायीबाट कुनैपनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(४) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नु हुदैन,

(५) कुनै किसिमको प्रलोभन वा मोल मोलाहिजामा पर्नु हुँदैन,

(६) अनुगमनको कारबाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नु पर्नेछ ।

(७) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू विक्रेता तथा प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(८) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ,

(९) सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नु पर्नेछ ।

## परिच्छेद -७
## विविध

**१९. <u>बजार अनुगमन समिति एवं टोलीको कार्यक्रम तथा बजेटः</u>** (१) मन्त्रालयले बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र वजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नेछ । वार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत

समावेश गर्नुपर्नेछ ।

(२) नेपाल सरकार वा अन्य कुनै श्रोतबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

(३) बजार अनुगमनको क्रममा नमूना सङ्कलन गर्दा वस्तु तथा सेवा प्रदायकलाई वस्तुको मूल्य भुक्तानी गरी बिल लिनु पर्नेछ ।

(४) बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरूलाई खर्चको मापदण्ड, २०७५ बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(५) उपभोक्ता हकहितसँग सम्बन्धित संस्थाको प्रतिनिधि संचारकर्मी र स्वयसेवकहरुको सम्वन्धमा वढीमा तीन जनालाई अनुगमन कार्यमा खटिएको प्रत्येक दिनको लागि खर्चको मापदण्ड, २०७५ बमोजिमको रकम खाजा खर्च वापत उपलव्ध गराइनेछ ।

२०. **पुरस्कृत गर्न सकिने:** बजारमा वस्तु वा सेवाको सम्वन्धमा अनुचित क्रियाकलाप भएको सही सूचना दिने,अनुगमन कार्यमा सहभागिता जनाई उत्कृष्ट कार्य गर्ने कर्मचारी, व्यक्ति वा संस्थालाई प्रदेश बजार अनुगमन समितिको सिफारिसमा मन्त्रालयले पुरस्कृत गर्न सक्नेछ ।

२१. **स्थानीय प्रशासनको कर्तव्य:** बजार अनुगमन गर्दा अनुगमन संयन्त्रले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

२२. **प्रतिवेदन पेश गर्ने :** अनुगमन गर्ने जिम्मेवारी पाएको संयन्त्रले अनुगमन एवं निरीक्षणको प्रतिवेदन सात दिनमा अनुसुची ३ को ढाँचामा तयार गरी प्रदेश बजार अनुगमन समितिमा पेश गर्नुपर्नेछ र सो को वोधार्थ मन्त्रालयमा दिनुपर्नेछ । बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची -१ अनुसार तयार गर्नु पर्नेछ।

२३. **वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने:** मन्त्रालयले प्रत्येक वर्ष मार्च १५ मा मनाईने उपभोक्ता दिवसको दिन उपभोक्ता सचेतना कार्यक्रम समेतको समीक्षा समावेश गरी बजार अनुगमनको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

२४. **असल नियतले गरेका काम बचाउ:** यस नियमावली बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा समिति वा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारबाही हुने छैन ।

२५. **प्रचलित कानून बमोजिम हुने:** यस नियमावलीमा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्‍याएको मानिने छैन ।

२६. **दण्ड सजायः** उपभोक्ता संरक्षण ऐन, २०७५ एवं प्रचलित संघीय तथा प्रदेश

कानूनको अधीनमा रही बजार अनुगमनबाट दोषी पाइएका संघ, संस्था, व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही र दण्ड सजाय हुनेछ ।

२७. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस नियमावलीको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा प्रदेश बजार अनुगमन समितिको सिफारिसमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२८. **<u>संशोधनः</u>** यस नियमावलीमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधीनमा रही प्रदेश सरकारको हुनेछ ।

अनुसूची -१

(नियम २२ सँग सम्बन्धित)

**बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन**

श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश, पोखरा ।

विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन ।

आज मिति २० / / देखि २० / / सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र / प्रकृति/ वस्तुहरु | अनुगमनको विवरण (परिमाण, अबस्था र अन्य कुरा) व्यवसायिक प्रतिष्ठान संस्था | सामानको जफत / वरामद नाम / परिमाण | नष्ट गरिएको वस्तु / परिमाण | सिलबन्दी गरिएको मात्रा / संख्या | गरिएको नमूना संङ्कलन मात्रा / संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**बोधार्थः**

श्री संयोजकज्यू
प्रदेश बजार अनुगमन समिति।

# अनुसूची -२

(नियम १0 को उपनियम (१) संग सम्बन्धित)

**अनुगमन गरिने वस्तु र सेवाको वर्गीकरण**

(अ) बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नुपर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ ।

**समूह "क" खाद्यान्न माछा/मासुजन्य/तरकारी फलफूल/ दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी, मह, अमिलो, प्रशोधित पानी आदि ।

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ विक्री वितरण गरिने बिक्रीस्थल र भण्डारगृह वा सञ्चय स्थल,

(६) खाने तेल, घिउ वनस्पति घिउ समेत),

(७) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू

(८) माछा, मासु, अण्डा,

(९) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह "ख" औषधी एवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरू ।

**समूह "ग" रासायनिक मल/विषादी/बिउ विजन/कृषि औजारः**

(१) पशुपक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरु समेत,

(२) रासायनिक मल, विषादी, बिउ विजन, कृषि औजारहरू,

**समूह "घ" इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको कार्यान्वय।

**समूह "ङ" निर्माण सामग्रीः**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल र परिमाण समेत

**समूह "च" शैक्षिक सामग्री:**

(१) पाठ्यसामग्री, स्टेशनरी लगायतका शैक्षिक सामग्रीहरू तथा सेवा शुल्क समेत

(२) शिक्षा निर्देशिकाअनुसार विद्यालयहरूको शुल्क आदि ।

**समूह "छ" होटल/लज/रेष्टुरा/खाजाघर/चमेना गृह/लज:**

(१) होटल रेष्टुरा (दोहरी गीत गाउने र नाचगान गर्ने डान्स रेष्टुरेण्ट समेत)/ खाजाघर चमेना गृह/लजको सरसफाई तथा अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधित वस्तुहरूको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी विक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ,

(४) ध्वनी प्रदुषण

(५) सामाजिक विश्रृखलता ।

**समूह "ज" सुर्तीजन्य तथा मदिरा जन्य पदार्थ:** ।

(१) सुपारी, पानपराग, सुर्ती, बिडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

**समूह "झ" नाप तौल:**

(१) ढक, तराजु लगायतका नाप तौलमा प्रयोग हुने उपकरणहरू ।

**समूह "ञ" पशुपंक्षी हाट बजार:**

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

**समूह "ट" सौन्दर्य सामग्री:**

(१) विभिन्न प्रकारका सौन्दर्य सामग्रीहरू

(२) व्यूटी पार्लर/ सैलुन आदि ।

**समुह ठ" विद्युतीय सामानहरू:**

(१) विद्युतीय सामानहरू

(२) इलेक्ट्रोनिक्स सामानहरू ।

**समूह "ड" रङरोगन:**

(१) विभिन्न कम्पनीका भवन सम्बन्धी रङ र रङ रोगन सम्बन्धी सामग्रीहरू ।

**समूह "ड" गर गहना:**

(१) सुन, चाँदी, हीरा, मोती, जवाहरत तथा सोबाट निर्मित गर गहनाहरूको नापतौल एवं गुणस्तर ।

**<u>समूह "ण" सवारी साधन</u>**

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगर बस आदिको भाडा आदि ।

**<u>समूह "त" अन्यः</u>**

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

**<u>(आ) अनुगमन गरिने सेवाको विवरणः</u>**

(१) व्यापारिक सेवा (२)सञ्चार सेवा, (३) स्थल यातायात तथा हवाई सेवा, (४) विद्युत सेवा, (५) खानेपानी सेवा, (६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू, (७) स्वास्थ्य सेवा, (८) शिक्षा सेवा, (९) वित्तीय सेवाहरू (१०) सफ्टवेयर सेवाहरु (११) परामर्श सेवाहरु (१२) पर्यटन सेवा (१३) मनोरञ्जन तथा खेलकुद सेवा (१४) यातायात सेवा (१५) निर्माण सेवा लगायतका मुनाफा लिई वा नलिई प्रदान गरिने अन्य सेवा

**अनुसूची -३**

(नियम १६ को उपनियम (४) तथा नियम २२ सँग सम्बन्धित)

**दैनिक बजार अनुगमन फाराम**

(बजार अनुगमन फारामको प्रमाणित प्रति सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछ)

मिति:

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोपाइटर वा फर्म धनीको नामः

फोन नं:

यस मन्त्रालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको बिक्रीस्थल /गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहाय अनुसार गर्नु गराउनु निर्देशन दिइएको छ ।

| क्र.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|
| १ | मूल्य सूची | | | | |
| २ | साइन बोर्ड | | | | |
| ३ | व्यवसाय दर्ता/ नवीकरण | | | | |
| ४ | नापतौलको प्रमाण | | | | |
| ५ | लेवलमा खुलाउनु पर्ने कुराहरू स्पष्ट उल्लेख भए/नभएको | | | | |
| ६ | म्याद नाघेको सामग्री | | | | |
| ७ | स्थायी लेखा PAN नम्बर/ Vat मा दर्ता | | | | |
| ८ | बिक्री बिल दिने प्रक्रिया भए / नभएको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ९ | खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | | |
| १० | मासुको गुणस्तर सन्तोषजनक भए नभएको | | | | |
| ११ | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | | |
| १२ | ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | | |
| १३ | खरिद बिल /नभएको | | | | |
| १४ | यस अगाडिको निर्देशनमा पालना | | | | |
| १५ | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | | |

एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ ।

निरीक्षण टोली

१. संयोजक श्री ...
२. सदस्य श्री
३. सदस्य श्री
४. सदस्य श्री
५. सदस्य श्री
६. सदस्य श्री

माथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको

नाम थर
सही
ठेगना
मोःनं.

प्रतिष्ठानको छाप

अनुसूची- ४

(नियम १६ को उपनियम (५) सँग सम्बन्धित)

**मुचुल्का**

........ जिल्ला ...... नगरपालिका ......................... वडा नं. ................ टोल ............... मा खड़ा गरेको घटनास्थल/ वरामदी/खान तलासी/सिल छाप लगाएको मुचुल्काः

१. उजुरी वा सूचनाको छोटकरी विवरण:

२. चार किल्ला सहित खानतलासी /बरामदी गरिएको चिज वस्तुको नमूना तथा ठाउँको विवरण:

३ बरामद भएको सामान / दसीको विवरण / सिलछाप गरिएको विवरण:

(क)

(ख)

(ग)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सही छाप गर्ने साक्षीः- (नाम, वतन समेत)

(क)

(ख)

(ग)

५. रोहवरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सही छापः

(क)

(ख)

(ग)

६. निरीक्षण टोलीले मेरो/ उद्योग/गोदाम/पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू उद्योग, गोदाम, पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान्..... छाप भएको ठीक साँचो

हो भनी सहिछाप गर्ने:

(क)

(ख)

(ग)

**७. कार्य तामेली गर्ने:**

(क)

( ख)

(ग)

मितिः

समयः

**आज्ञाले,**

**यम प्रसाद पोखरेल**

**प्रदेश सरकारको सचिव**

# भाग २

## प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सूचना

### सहकारी नियमावली, २०७६

सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "सहकारी नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो नियमावली गण्डकी प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,—

(क) "अनुदान" भन्नाले मन्त्रालयले तोकेको क्षेत्र, सीमा, प्रकृतिमा लगानी गर्न मन्त्रालय वा कार्यालयबाट प्राप्त सहयोग रकम सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले गण्डकी प्रदेशको सहकारी ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) "कर्जा वा ऋण" भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले लिएको, सदस्यलाई दिएको कर्जा वा ऋणको साँवा, ब्याज र हर्जना समेतको रकम सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "दर्ता अधिकारी" भन्नाले ऐनको दफा ७४ बमोजिमको दर्ता अधिकारी सम्झनु पर्छ र सो शव्दले सहकारी रजिष्ट्रारको कार्यालयको प्रमुखलाई समेत जनाउँछ।

(च) "नियमित बचत" भन्नाले सदस्यले दैनिक, साप्ताहिक, पाक्षिक, मासिक वा बार्षिकरुपमा गरिने बचत रकम सम्झनु पर्छ ।

(छ) "व्यवस्थापक" भन्नाले सहकारी संघ, संस्थाको व्यवस्थापक वा प्रबन्धक सम्झनु पर्छ।

(ज) "बहुउद्देश्यीय सहकारी संस्था" भन्नाले दुई वा दुईभन्दा बढी उद्देश्य लिइ काम गर्ने सहकारी संस्था सम्झनु पर्छ ।

(झ) "विशिष्टिकृत सहकारी संघ" भन्नाले ऐनको दफा ८ बमोजिम गठन हुने विशिष्टिकृत सहकारी संघ सम्झनु पर्छ ।

(ञ) "संस्थागत पूँजी" भन्नाले सहकारी संघ, संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष, अन्य कोषहरु, पुरस्कार तथा अनुदान रकम समेतलाई सम्झनुपर्छ ।

(ट) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्छ ।

३. **संस्था गठन, दर्ता तथा सञ्चालन** :(१) ऐनको दफा ३ को उपदफा (५) बमोजिम पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दा देहायका शर्तहरू पूरा भएको हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरू मात्र सदस्य हुनु पर्ने,

(ख) संस्थाको कार्यक्षेत्र बढीमा एक जिल्ला हुनु पर्ने,

(ग) एक जिल्लामा आफ्नो पेशागत सङ्गठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनु पर्ने ।

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत सङ्गठनको सिफारिस संलग्न गर्नुपर्नेछ ।

(३) एकसय जनाभन्दा कम कर्मचारी, शिक्षक वा प्राध्यापकहरू कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तीमा तीस जनाको स्थायी दरबन्दी स्वीकृत भई कार्यरत रहेको हुनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन् ।

(५) विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थामा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारीले यस नियम बमोजिम गठन हुने कुनै एकमात्र संस्थामा सदस्यता लिन सक्नेछन् ।

(६) यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्यहरू मात्र गर्न सक्नेछन् :-

(क) सदस्यहरूबाट विनियममा तोकिएको सीमा सम्मको मासिक बचत सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम सङ्कलित बचत रकम सदस्यहरूलाई ऋण तथा सापटीको रूपमा परिचालन गर्ने,

(ग) सदस्यहरूको बौद्धिक विकास, कला एवं साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

(७) यस नियम बमोजिमका संस्थाको गठन तथा अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(८) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत संगठनका साथै प्रदेश सरकारको सम्वन्धित निकाय, कार्यालय वा स्थानीय तहको सिफारिस आवश्यक पर्नेछ ।

४. **प्रदेश सहकारी बैंक गठन तथा सञ्चालन सम्वन्धी व्यवस्थाः** (१) ऐनको दफा १० बमोजिम सहकारी संघ, संस्थाको बचत स्वीकार गर्ने, त्यस्तो संस्था, संघलाई ऋण प्रवाह गर्ने वा बैंकिङ् सेवा उपलव्ध गराउने उद्धेश्य लिई गण्डकी प्रदेशका सम्भव भएसम्म सबै जिल्लाका कम्तिमा एक सहकारी संघ सस्थाको प्रतिनिधित्व हुने गरी १०१ वटा संघ, संस्था आपसमा मिली नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई प्रदेश सहकारी बैंक गठन गर्न सक्नेछन ।

तर सबै जिल्लाको प्रतिनिधित्व हुन नसकेको अवस्थामा कम्तिमा ६ जिल्लाका १०१ वटा संघ, संस्था आपसमा मिली नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई प्रदेश सहकारी बैंक गठन गर्न सकिनेछ ।

(२) प्रदेश सहकारी बैंकको पूँजी साधारण शेयरबाट मात्र बनाउन सकिनेछ र उक्त शेयर सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनुपर्नेछः

(क) आवेदक संघसंस्थाहरूको संयुक्त शेयर पूँजी कम्तीमा रु. १ अर्ब हुनुपर्ने,

(ख) आवेदक संघसंस्थाहरूको संयुक्त संस्थागत पूँजी कम्तीमा रु. ५० करोड हुनुपर्ने,

(ग) आवेदक संघसंस्थाहरूले खरिद गरिसकेको बैंकको शेयर पूँजी कम्तीमा रु. २५ करोड हुनुपर्ने,

(घ) आवेदक संघ, संस्थाहरू घाटामा गएको हुन नहुने,

(३) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई प्रदेश सहकारी बैंकले साधारणसभाबाट प्रस्ताव पारित गरी आफ्नो पूँजी बृद्धि गर्न सक्नेछ ।

(४) प्रदेश सहकारी बैंकले यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको कार्यविधि तथा अन्य प्रचलित कानूनको अधिनमा रही आफ्ना सदस्य संस्था र संघका बीच देहाय बमोजिमका कार्य गर्न सक्नेछः

(क) स्थिर तथा चालु पूँजीको अनुपातमा कर्जा प्रदान गर्ने, पुनःकर्जा प्रदान गर्ने,

(ख) सदस्यबाट बचत स्वीकार गर्ने, बचत भुक्तानी गर्ने,

(ग) सरकारी निकायसँग सम्झौता गरी संयुक्त लगानी गर्ने,

(घ) आवश्यकतानुसार संस्थागत ऋण वा पुनःऋण लिने वा दिने,

(ङ) कर्जाको ब्याज असुल गर्ने,

(च) कर्जाको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकार वा प्रदेश सरकारले जारी गरेका ऋणपत्र, बचतपत्र खरिद बिक्री गर्ने, नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी वील खरिद गर्ने,

(ज) सदस्य बीच सूचना आदान प्रदान गर्ने,

(झ) विद्युतीय माध्यमवाट बचत लिने, भुक्तानी दिने, रकमान्तर गर्ने,

(ञ) परियोजना प्रवर्द्धनका लागि सहकारी सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता प्राप्त संगठन, दातृ निकाय, बैंक लगायतबाट प्राप्त भएको रकम विकास वित्त वा कर्जाको रुपमा प्रवाह गर्ने वा त्यस्तो स्रोतको व्यवस्थापन गर्ने,

(ट) परियोजना स्थापना, सञ्चालन र मूल्यांकन सम्वन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने वा गराउने,

(ठ) नेपाल राष्ट्र बैंकको इजाजतपत्र लिई अन्य बैंकिङ्ग कारोवार गर्ने लगायतका तोकिए बमोजिमका कार्यहरु गर्न सक्नेछ।

(५) प्रदेश सहकारी बैंकले आफ्नो कारोवारको वास्तविक स्थिति देखिने गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत ढाँचा बमोजिमको हिसाव किताव र श्रेस्ताहरु राख्नु पर्नेछ।

(६) प्रदेश सहकारी बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन पालना नगरेमा, सदस्यको हित विपरित कुनै कार्य गरी सदस्य तथा बैंकलाई हानि नोक्सानी पुऱ्याएमा मन्त्रालयलाई जानकारी दिई नेपाल राष्ट्र बैंकले आफैले वा अन्य निकायद्वारा प्रदेश सहकारी बैंकको व्यवस्थापन लिन सक्नेछ।

(७) प्रदेश सहकारी बैंकले नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिमको तरल सम्पत्ति कायम राख्नु पर्नेछ।

(८) प्रदेश सहकारी बैंकको सञ्चालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

५. **विशिष्टीकृत सहकारी संघको गठन तथा सञ्चालनः** (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिम देहायका संस्थाहरू मिली विशिष्टीकृत सहकारी संघ गठन गर्न सक्नेछन् :-

(क) संघको उत्पादन वा सेवा विस्तारको क्षेत्रभित्र पर्ने सहकारी संस्थाहरू ।

(ख) कम्तीमा ३० प्रतिशत सदस्यहरूले प्रस्तावित संघबाट उत्पादित वस्तु वा सेवा उपयोग गर्ने संस्थाहरू ।

(२) उपनियम (१) बमोजिम विशिष्टीकृत सहकारी संघ गठन गर्दा स्व-रोजगारी तथा मूल्य शृङ्खलामा योगदान पुऱ्याउने गरी उत्पादन, संकलन, सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्य विशेषका विशिष्टीकृत सहकारी संघ समेत गठन गर्न सकिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम विशिष्टीकृत संघ गठन गर्दा देहायका सर्तहरू पूरा भएको हुनुपर्नेछ :-

(क) आवेदक संघसंस्थाहरूको संयुक्त शेयर पूँजी कम्तीमा रु. १५ करोड हुनुपर्ने,

(ख) आवेदक संघसंस्थाहरूको संयुक्त संस्थागत पूँजी कम्तीमा रु. ३ करोड हुनुपर्ने,

(ग) आवेदक संघसंस्थाहरूले खरिद गरिसकेको संघको शेयर पूँजी कम्तीमा रु. १ करोड हुनुपर्ने,

(घ) आवेदक संघ, संस्थाहरू घाटामा गएको हुन नहुने ।

(ङ) नेपाल राष्ट्र बैंकले प्रत्येक वर्ष जारी गर्ने मौद्रिक नीतिबाट सहकारी संघ, संस्थाको बचत, लगानी, ऋणका क्षेत्र तोकिएमा तोकिए अनुसारका क्षेत्रमा लगानी तोकिएको सीमासम्म गर्नुपर्ने ।

(४) उपनियम (३) को खण्ड (ग) बमोजिम आवेदक संस्थाले खरिद गर्ने शेयरको रकम संस्थाको प्राथमिक पूँजी कोष र बचतको अनुपात कम्तीमा एक बराबर पन्ध्र कायम गरी जगेडा कोष र शेयर पूँजीबाट मात्र खरिद गर्नुपर्नेछ ।

(५) विशिष्टीकृत सहकारी संघको सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) जुन उद्देश्यका लागि सो सहकारी संघ गठन भएको हो सोही कार्य मात्र गर्नुपर्ने,

(ख) विशिष्टीकृत सहकारी संघको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपूर्व प्रचलित कानून बमोजिम अनुमति, स्वीकृति वा इजाजत लिनुपर्ने भए लिएर मात्र सञ्चालन गर्नुपर्ने ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विषयगत आधारमा सङ्गठित हुन सक्ने स्तर वा प्रकृतिको व्यवसायका लागि विशिष्टीकृत संघ गठन गरिने छैन ।

६. **संघ, संस्था दर्ताको दरखास्तको ढाँचा र पेश गर्नुपर्ने बिवरणः** (१) ऐनको दफा १२ को उपदफा (१) बमोजिम दर्ता अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि ऐनको अनुसूची-१को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन यस नियमावलीको अनुसूची १ को ढाँचामा र सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण अनुसूची २ को ढाँचामा पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा उपनियम (२) मा उल्लेखित कागजातका अतिरिक्त देहायका विवरण संलग्न गर्नुपर्नेछ :-

(क) प्रारम्भिक भेलाका निर्णयहरू,

(ख) अनुसूची ३ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ग) अनुसूची ४ को ढाँचामा सदस्यबाट सङ्कलित शेयर पूँजी तथा प्रवेश शुल्क बापत संकलित रकमको भरपाई,

(घ) अनुसूची ५ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(ङ) अनुसूची ६ को ढाँचामा स्व-घोषणा-पत्र,

(च) अनुसूची ७ को ढाँचामा अधिकार प्रत्यायोजन-पत्र,

(छ) आवेदकहरू मध्ये सदस्यको श्रम वा सीपमा आधारित संस्थाको हकमा कम्तीमा पन्ध्र जना र अन्य संस्थाको हकमा कम्तीमा उनन्तीस जनाले कम्तीमा एक दिवसीय पूर्व-सहकारी शिक्षा प्राप्त गरेको प्रमाण–पत्र,

(ज) नेपाली नागरिकताको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(झ) कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण,

(ञ) आवेदकहरू प्रत्येकले संस्थाको कार्य योजना बमोजिमको सेवा उपयोग गर्ने आधार,

(ट) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ठ) मन्त्रालयबाट बनाइएको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिमको अन्य विवरण ।

(४) उपनियम (१) बमोजिम संघ दर्ताका लागि दरखास्त दिँदा देहायका विवरण संलग्न गर्नुपर्नेछ :-

(क) उपनियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ) र (च) मा उल्लिखित विवरण,

(ख) अनुसूची ८ बमोजिम आवेदक संघ,संस्थाको विवरण,

(ग) शेयर पूँजी तथा प्रवेश शुल्कबापत सदस्यहरूबाट सङ्कलित रकम बैंक वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम 'क' वर्गको ईजाजत प्राप्त बैंकमा खाता खोली रकम जम्मा गरेको बैंक भौचर,

(घ) प्रदेश विषयगत सहकारी संघको हकमा प्रदेश सहकारी संघको सिफारिस ।

तर पहिलो पटक ऐनको दफा १८ को उपदफा (१) बमोजिम बर्गिकरण भएका प्रदेश विषयगत सहकारी संघ गठन गर्दा प्रदेश सहकारी संघको सिफारिस नभएता पनि गठन गर्न सकिनेछ ।

(ङ) मन्त्रालयबाट बनाइएको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिमको अन्य विवरण ।

(५) उपनियम (१) बमोजिम प्रदेश सहकारी बैंक दर्ताका लागि दरखास्त दिँदा देहायका विवरण संलग्न गर्नुपर्नेछ :-

(क) अनुसूची ९ को ढाँचामा नियम ४ मा उल्लिखित न्यूनतम सङ्ख्या पुग्ने संघ, संस्थाको सदस्य सङ्ख्या, शेयर पूँजी, संस्थागत पूँजी र वित्तीय अवस्था खुल्ने विवरण

(ख) उपनियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ) र (च) मा उल्लिखित विवरण

(ग) मन्त्रालयबाट बनाइएको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिमको अन्य विवरण ।

(६) उपनियम (१) बमोजिम विशिष्टीकृत संघको दर्ताका लागि दरखास्त दिँदा देहायका विवरण संलग्न गर्नुपर्नेछ :-

(क) अनुसूची १० को ढाँचामा आवेदक संस्थाको विषय, सदस्य सङ्ख्या, शेयर पूँजी, संस्थागत पूँजी र कारोबार खुल्ने विवरण

(ख) उपनियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ) र (च) मा उल्लिखित विवरण

(ग) मन्त्रालयबाट बनाइएको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिमको अन्य विवरण ।

७. **<u>बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्डः</u>** (१) ऐनको दफा १३ बमोजिम महानगरपालिका र उप महानगरपालिकामा वडाको जनसङ्ख्याका आधारमा प्रत्येक पाँच हजार जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी, नगरपालिकामा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी र गाउँपालिकामा प्रत्येक पाँचसय जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी स्थानिय तहमा बचत तथा ऋण सहकारी संस्था दर्ता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको सङ्ख्या निर्धारण गर्दा महानगरपालिका तथा उप महानगरपालिकामा जिल्लाभित्र कार्यक्षेत्र सिमित भएका तथा वडाभित्र कार्यालय रहेका र गाउँपालिका वा नगरपालिकाको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिका भित्र कार्यक्षेत्र सीमित भएका छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्डभन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरू तीन वर्षभित्र नियम २८ बमोजिम एकीकरण गरिसक्नुपर्नेछ ।

तर महिलामात्र सदस्य भएको संस्था एकीकरण गर्दा महिलामात्र सदस्य भएको संस्थासँग वा एकीकरण पश्चात पनि महिलाहरुको नेतृत्व सुनिश्चित हुने गरी एकीकरण गर्न सकिनेछ ।

(४) दुई वा दुईभन्दा बढी जिल्ला वा स्थानीय तहहरुको संगम क्षेत्रमा बचत तथा ऋण सहकारी संस्थाको कार्यालय नभएकोले सो सेवा प्राप्त गर्न आबश्यकता ठानी सम्बन्धित स्थानीय तहले सिफारिश गरेमा त्यस्तो कार्यक्षेत्र समेट्ने गरी दर्ता अधिकारीबाट बचत तथा ऋण संस्था दर्ता गर्न सकिनेछ ।

८. **संस्थाको कार्यक्षेत्र तथा सेवा केन्द्र सम्बन्धी ब्यबस्था** : (१) ऐनको दफा १६ को उपदफा (१) को खण्ड (ख) बमोजिम संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनुपर्नेछ :-

(क) सिप, पेशा र प्रकृति समेतबाट फराकिलो क्षेत्र आवश्यक पर्ने देखिएमा बढीमा एक जिल्लासम्म,

(ख) उपनियम (३) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम विशेष व्यावसायिक आवश्यकताको आधारमा बढीमा एक जिल्लासम्म र

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कार्यक्षेत्र साँघुरो भई कारोबार वा ब्यबसाय बिस्तारमा बाधा परेको भनी संस्थाको साधारणसभाले निर्णय गरी सम्बन्धित स्थानीय तहहरुले सिफारिश गरेमा उपनियम (३) का आधार लिई जोडिएका जिल्लाहरुमा समेत कार्यक्षेत्र बिस्तार गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको प्रस्तावित कार्यक्षेत्रको कुनै वडा वा स्थानीय तह वा जिल्लामा दर्ताका लागि दरखास्त दिने आवेदकहरूको बसोबास नभएको भए त्यस्तो वडा वा स्थानीय तह वा जिल्ला कार्यक्षेत्रमा समावेश गरिनेछैन ।

(३) ऐनको दफा १६ को उपदफा (२) बमोजिम कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यावसायिक आवश्यकताको आधार लिनुपर्नेछ :-

(क) उत्पादनको सङ्कलन, सञ्चय, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिँचाइ सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रति एकाइ लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट फैलाउ आवश्यक भएको ।

तर मौजुदा कार्यक्षेत्रको वडा, स्थानीय तह वा जिल्लामा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मुनासिब स्तर हासिल नभएसम्म कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।

(४) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा वा अध्ययन प्रतिवेदन प्राप्त गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २९ को उपदफा (१) विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको र

(घ) विनियम संशोधनको प्रक्रिया पूरा भएको ।

(५) ऐनको दफा १६ को उपदफा (४) को खण्ड (ग) बमोजिम संस्थाले देहायका विवरण पेश गर्नुपर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोबार र नाफा-नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसार सदस्यहरूको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरूको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको विवरण ।

(६) ऐनको दफा १६ को उपदफा (११) बमोजिम कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्रमा १५ प्रतिशत भन्दा कम सदस्य रहेको वा १५ प्रतिशत भन्दा कम कारोबार रहेको हुनुपर्नेछ ।

(७) सेवाकेन्द्र वा सम्पर्क केन्द्र स्थापनाको लागि सदस्य संख्या २००० भन्दा बढी भएका संस्थाको ३३ प्रतिशत सदस्य उक्त स्थानमा रहेका वा कम्तीमा ७०० सदस्यभन्दा बढी रहेको हुनुपर्ने र सम्बन्धित वडा तथा स्थानीय तहको सिफारिश आबश्यक पर्नेछ ।

तर उत्पादक सहकारी संस्थालाई संकलन, भण्डारण वा बिक्री केन्द्र स्थापना गर्न स्थानीय तहले उपयुक्त देखि सिफारिश गरेमा उपरोक्त मापदण्ड लागू हुने छैन ।

(८) सेवाकेन्द्र वा सम्पर्क केन्द्र स्वीकृत नगराई स्थापना गर्न पाइने छैन ।

९. **संयुक्त रूपमा वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनः** (१) ऐनको दफा १९ को उपदफा (५) बमोजिम दुई वा दुईभन्दा बढी संघ, संस्थाले संयुक्त रूपमा वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् :-

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चांलन विधि, सदस्यहरूको लोकतान्त्रिक

नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्तरूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानून बमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) को अधिनमा रही अन्तरसहकारी सहयोगको भावनाले आवश्यकता अनुसार विषयगत वा फरक विषयगत वा बहुउद्देश्यीय संघ, संस्थाहरु मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्बन्धित संघ,संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता अधिकारीले तीस दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियमबमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाले दर्ता अधिकारीले तोकेको ढाँचामा नियमित रूपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका सम्बन्धमा अन्य व्यवस्था मन्त्रालयले कार्यविधि बनाई तोक्न सक्नेछ ।

**१०. सहकारी संस्थाको विनियम** : (१) ऐनको दफा २४ को उपदफा (१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची–११ मा उल्लिखित विषयहरू समावेश गर्नुपर्नेछ ।

(२) सहकारी बैंक, बचत तथा ऋणको विषयगत संघ, संस्था, बहुउद्देश्यीय संघ, संस्था जस्ता बित्तीय सहकारी संघ, संस्थाबाहेक उत्पादक सहकारी संस्था, सेवा सहकारी संस्था (श्रमिक संस्था, स्वास्थ्य संस्था, यातायात संस्था), उपभोक्ता भण्डार समेतका उपभोक्ता सहकारी संस्थाको विनियममा बचत तथा ऋणको कारोबार गर्ने गरी उद्देश्य वा कार्य समावेश गर्नु हुँदैन ।

(३) सहकारी संस्थाको प्रकृति हेरी दर्ता अधिकारीले थप विषयहरू विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

**११. संस्थाको सदस्यता** : (१) ऐनको दफा २७ को उपदफा (२) बमोजिम संस्थाको कार्यक्षेत्र भित्रका सहकारी वा सामुदायिक विद्यालयका साथै देहाय बमोजिमका गुठी, स्थानीय क्लब, संघ, संस्था वा उपभोक्ता समूह संस्थाको सदस्य हुन सक्नेछन् :-

(क) गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ग) को परिभाषामा पर्ने प्रचलित कानून बमोजिम दर्ता भएका गुठीहरू,

(ख) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका गैर-नाफामूलक, गैर-व्यावसायिक उत्पादन वा सेवामूलक संघ, संस्था र क्लबहरू,

(ग) प्रचलित कानून वा नेपाल सरकारबाट स्वीकृत निर्देशिका अन्तर्गत दर्ता भएका स्थायी प्रकृतिका वन, खानेपानी र सिँचाई उपभोक्ता समूहहरू ।

(२) उपनियम (१) बमोजिम संस्थाको सदस्यता प्राप्त गर्ने विद्यालय, गुठी, संघ, संस्था, क्लब वा उपभोक्ता समूहहरूको दर्ता भएको ठेगाना वा कार्यालय संस्थाको कार्यक्षेत्रभित्र हुनुपर्नेछ ।

(३) मन्त्रालयले कार्यविधि, मापदण्ड, निर्देशिका वा परिपत्र बनाई यस नियम बमोजिम संस्थाको सदस्यता प्राप्तिका अन्य सर्त, आधार र प्रक्रिया तोक्न सक्नेछ ।

**१२. संघको सदस्यता**ः ऐनको दफा ३० बमोजिम संघको सदस्यता लिँदा देहायको प्रक्रिया पूरा गरेको हुनुपर्नेछ :-

(क) साधारण सभाबाट निर्णय भएको,

तर प्रथम पटक प्रदेश बिषयगत सहकारी संघ वा प्रदेश सहकारी संघको गठन गर्दा सञ्चालक समितिबाट निर्णय गराई सदस्यता लिन सकिनेछ ।

(ख) विषयगत सहकारी संघको हकमा नियम ९ मा उल्लिखित विषय विशेषको एकै तहको संघमा दोहोरो नपर्ने,

(ग) सम्बन्धित संघको विनियममा उल्लिखित आधार र प्रक्रिया पूरा भएको ।

**१३. सदस्यताको समाप्ति**ः (१) ऐनको दफा ३१ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको व्यवस्था पालना गर्नुपर्नेछ :-

(क) त्यस्तो सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) त्यस्तो सदस्यको सदस्यता समाप्ति सम्बन्धी आधारका सम्बन्धमा सञ्चालक समितिले उपसमिति बनाई छानबिन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिम सञ्चालक समितिको निर्णय चित्त नबुझेमा दर्ता अधिकारी समक्ष उजुरी गर्न सक्नेछ । तत् सम्बन्धमा दर्ता अधिकारीको निर्णय नै अन्तिम हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २९ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरूलाई यो नियमावली लागू भएको मितिले तीन महिनाभित्र स्व-घोषणा गर्न सूचना दिनुपर्नेछ र दुई बर्षभित्र हटाई सक्नुपर्नेछ ।

(४) उप-नियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा ऐनको दफा २९ को उपदफा (१) विपरित दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाले सदस्यता कायम राखी अन्य संस्थाले ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नुपर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता अधिकारीले ऐनको दफा २९ को उपदफा (१) विपरित कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सबभन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र त्यस्ता संस्थाले तदनुसार सदस्यता अन्त्य गर्नुपर्नेछ ।

१४. **साधारण सभाको बैठकः** (१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी पत्राचार वा 'एस.एम.एस', एफ.एम. रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहु माध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू स्वयम् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्ने दिन अगावै

यथाशक्य छिटो उपलब्ध गराउनु पर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ ।

(४) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(५) ऐनको दफा ३६ को उपदफा (६) बमोजिम सदस्य सङ्ख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा–वडा वा पायकको स्थान–स्थानमा समान कार्यसूची राखेर साधारण सभा डाक्नुपर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ ।

(६) उपनियम (५) मा उल्लिखित अवस्थामा प्रत्येक बैठकको अध्यक्षता गर्ने व्यक्ति र  समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी छनौट भएका सदस्यहरूबाट निर्णय प्रमाणित गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम भएका निर्णयहरू साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा प्राप्त गरी प्रत्येक बैठकबाट समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी कम्तीमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी अन्तिम निर्णय प्रमाणित गर्नेछन् ।

(८) सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले उपनियम (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुनेछैन ।

**१५. <u>सञ्चालक समितिको बैठक</u>: (१)** समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर दुई बैठक बीचको अवधि साधारणतया पैंतालीस दिनभन्दा बढी हुनेछैन ।

(३) उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिम बैठक नबोलाइएमा बहुमत सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक राख्न सक्नेछन् ।

(५) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(६) समितिको बैठकको गणपूरक सङ्ख्या समितिका कुल सदस्य सङ्ख्याको बहुमत हुनेछ ।

(७) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरू मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

१६. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ४० मा उल्लिखित कार्यका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारणसम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरू गठन वा विघटन गर्ने र जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने ।

१७. **उद्देश्य विपरित कार्य गरेको मानिने**: बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले ऐनको दफा ४७ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ७१ को उपदफा (३) को खण्ड (ग) विपरित कार्य गरेको मानिनेछ ।

१८. **सन्दर्भ व्याजदरको आधार र प्रक्रिया**: (१) ऐनको दफा ४८ बमोजिम समितिले सन्दर्भ व्याजदर निर्धारण गर्दा देहायका आधार लिनुपर्नेछ :-

(क) बचत तथा ऋणको प्रादेशिक विषयगत संघमा आबद्ध संघ, संस्थाहरूको औसत व्याजदर,

(ख) सहकारी बैंकहरूको औसत व्याजदर,

(ग) राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक, साना किसान विकास बैंकको औसत व्याजदर,

(घ) 'क' वर्गका वाणिज्य बैंकहरूको औसत व्याजदर,

(ङ) व्याजदरका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकारका मन्त्रालय, निकाय, नेपाल राष्ट्र बैंकले गरेका अध्ययन प्रतिवेदनहरू,

(च) राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघ, प्रदेश सहकारी संघ र प्रदेश बिषयगत सहकारी संघहरूबाट प्राप्त सुझाव,

(छ) सन्दर्भ व्याजदर निर्धारण समितिले उपयुक्त देखेका अन्य आधारहरू ।

(२) उपनियम (१) बमोजिम सन्दर्भ व्याजदर निर्धारण गर्दा सामान्यतया देहायका सिद्धान्तहरू अवलम्वन गर्नुपर्नेछ :-

(क) बचतमा भारित औसत व्याजदरभन्दा सामान्यतया बढी,

(ख) ऋणमा भारित औसत व्याजदरभन्दा सामान्यतया घटी,

(ग) बचत र ऋणको व्याजदरको अन्तर पाँच प्रतिशतभन्दा बढी नहुने।

(३) सन्दर्भ व्याजदर निर्धारण गर्दा शहरी तथा ग्रामीण क्षेत्रका लागि छुट्टाछुट्टै दरहरू कायम गर्न सकिनेछ ।

(४) सन्दर्भ व्याजदर साधारणतया प्रत्येक आर्थिक बर्षमा पुनरावलोकन गर्नुपर्नेछ ।

(५) समितिको निर्णय बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ ।

(६) समितिले वार्षिक रूपमा सन्दर्भ व्याजदर परिपालना अवस्थाको मूल्याङ्कन गरी मन्त्रालयमा आवश्यक सुझावसहितको प्रतिवेदन दिनुपर्नेछ।

(७) यस नियमबमोजिम सन्दर्भ व्याजदर निर्धारण गरिएको जानकारी मन्त्रालय तथा नेपाल राष्ट्र बैंकमा पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ ।

(८) प्रदेश सहकारी संघ तथा प्रदेश विषयगत सहकारी संघहरूले सन्दर्भ व्याजदर निर्धारणको जानकारी आफ्ना सदस्यहरूलाई गराउनुका साथै पालना अवस्थाको समेत अनुगमन गर्नुपर्नेछ ।

(९) सन्दर्भ व्याजदर निर्धारण सम्बन्धी अन्य व्यवस्था समितिले नै निर्धारण गर्न सक्नेछ ।

**१९. <u>सदस्यको रकम फिर्ता</u>:** (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ५१ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको बढीमा तीस दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता बापतको रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत व्याज सहित तुरुन्त फिर्ता दिनुपर्नेछ ।

२०. <u>**संरक्षित पूँजी फिर्ता कोष वितरणका आधार**</u>: (१) ऐनको दफा ५६ को उपदफा (३) बमोजिम संरक्षित पूँजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछ :-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) बचत तथा ऋण संस्थामा सदस्यले ऋणमा तिरेको व्याज वा बचतमा प्राप्त गरको ब्याज र अन्य उपभोक्ता संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(ग) श्रमिक संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(घ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख) र (ग) मा उल्लिखित आधार ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(४) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पूँजी फिर्ता दिइनेछैन ।

(५) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यको अवस्थाका उपभोक्ता सदस्यसँग कुनै कारोबार गरेको रहेछ भने त्यस्तो सदस्यलाई समेत फिर्ता गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम कारोबार गरेको सदस्यसँग सम्पर्क हुन नसकेको अवस्थामा त्यस्तो सदस्यले प्राप्त गर्ने रकम संस्थाको जगेडा कोषमा सार्नुपर्नेछ ।

(७) गत आर्थिक वर्षको कारोबारको संरक्षित पूँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरि सक्नुपर्नेछ ।

(८) उपनियम (६) बमोजिम कुनै आर्थिक वर्षमा कुनै कारणबस वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

(९) संरक्षित पूँजी फिर्तासम्बन्धी अन्य व्यवस्था दर्ता अधिकारीको निर्णय बमोजिम हुनेछ ।

२१. **अन्य कोषसम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५५ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ५६ बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ५७ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ :–

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष,

(ज) अन्य जोखिम व्यवस्थापन कोष,

(झ) सदस्य हित कोष।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ।

(३) सहकारी प्रवर्द्धन कोषको रकम परिचालन सङ्घीय सहकारी नियमावली २०७५ को नियम २६ बमोजिम हुनेछ ।

२२. **अभिलेखः** (१) ऐनको दफा ५९ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य सञ्चाचलनको अभिलेखका साथै आफूले गरेको कारोबारको प्रचलित कानूनले तोकेको लेखामान तथा ढाँचाअनुसार राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछ :-

(क) अनुसूची २, ८, ९, १० वा ११ बमोजिमको सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाई किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संघ, संस्था वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) प्रचलित कानूनले तोकेको ढाँचा बमोजिमको हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण-पत्र,

(ट) अनुदान प्राप्ति र परिचालन खाता,

(ठ) समय-समयमा प्रचलित कानूनले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(३) पाँच करोड रुपैयांभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख प्रचलित कानूनले तोके बमोजिम मापदण्ड पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सहकारी हेर्ने सम्बन्धित सङ्घीय मन्त्रालय तथा सहकारी बिभागले तोकेको सहकारी तथा गरिबी सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा अनिबार्य प्रविष्ट गर्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नुपर्नेछ ।

२३. **<u>ऋण तथा बाँकी बक्यौता असुली</u>**: (१) ऐनको दफा ६५ बमोजिम संघ, संस्थाको ऋण र दफा ६६ बमोजिम संघ, संस्थाको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संघ, संस्थाको देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम

तिर्न बुझाउन आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद तोकी पठाउनु पर्छ ।

(ख) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ग) धितो राखेको घर जग्गा-जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशन गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जनाको रकम समेत उल्लेख गरी सूचना प्रकाशन गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिनभित्र लिलाम बिक्री गरी साँवा व्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना सस्थाको कार्यालय, स्थानीय तह, सम्वन्धित वडा कार्यालय,सार्वजनिक स्थान र ऋणीलाई बुझाइ वा बुझ्न नमानेको हकमा घरद्वारमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(ङ) लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम बिक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्री गर्नु पर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको सम्वन्धित स्थानीय तह वा वडाको प्रतिनिधि,जिल्ला वा इलाका प्रशासन कार्यालयको प्रतिनिधि, लिलाम बिक्री हुने ठाउँ नजिक

कुनै सरकारी कार्यालय भए सो कार्यालय वा स्थानीय तहको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक वा निकाय वा कार्यालयको प्रतिनिधि र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमभन्दा कम नहुने गरी बढाबढ गर्ने व्यक्तिहरूमध्ये सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति र मुचुल्का गराई बिक्री गर्नुपर्नेछ ।

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैनन् ।

स्पष्टिकरणः नजिकको नातेदार भन्नाले बाबु, आमा, पति, पत्नि, छोरा, छोरी, बुहारी, दाजु, भाई, दिदी बहिनी, सासु, ससुरा, ज्वाई, साला, सालीलाई सम्झनु पर्छ ।

(छ) खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्रीको शिलबन्दी खोलेपछि विनियमले तोके बमोजिमको ढाँचाको फाराममा निजहरुले बोलेको अंक अक्षर स्पष्ट खोली निजहरुको सहीछाप गराउनु पर्नेछ ।

(ज) संस्थाले चल, अचल सम्पत्ति लिलामको डांक बढाबढ गर्दा गोप्य शिलबन्दी आब्हान गर्नुपर्नेछ ।

(२) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (१) को खण्ड (च) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र गाउँपालिका वा नगरपालिकाका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

(४) ऐनको दफा ६५ को उपदफा (६) बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।

२४. **<u>लिलाम बिक्री स्थगित गर्न सक्ने</u>:** लिलाम बिक्रीको सूचना प्रकाशित भैसकेपछि ऋणि सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणि सदस्य र संस्था बिच सहमति भई लिलाम विक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा मन्त्रालय वा दर्ता अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

२५. **<u>असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने</u>:** (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा बाकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट एक वर्षभित्र नियम २३ को कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले वा एकाघरको परिवारले कमाएको वाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

२६. **<u>लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने</u>:** (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन वा भोलीपल्ट धरौटीको रूपमा लिई राख्नुपर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्ध्र दिनभित्र बुझाइ सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइ राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम उसै दिन वा भोलीपल्ट नबुझाएमा निजपछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा वा नियम २३ को उपनियम (४) बमोजिम संस्थाले सकारेमा संस्थाको नाममा सो जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरिदिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

२७. **जायजेथा फिर्ता दिनुपर्ने** : नियम २३ को उपनियम (४) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिनसम्मको व्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

२८. **सहकारी संस्थाको एकीकरणः** (१) ऐनको दफा ७० बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

(ख) सदस्यहरु बीचको साझा बन्धन समान हुनुपर्ने,

(ग) एकै वा बिषय प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि एकै स्थानमा रही दोहोरो सदस्यता रहेका र मुलतः एकै बिषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एबं लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेशको क्षेत्रभित्र पर्नेगरी गरिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको पूर्व स्वीकृतिविना मिति २०४९।२।२ अघि दर्ता भएका साझा सहकारी

संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न वा त्यस्ता संस्थाहरूको घरजग्गा लगायतका स्थीर सम्पत्ति बेचबिखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।

तर कुनै सहकारी संस्थाले साझा सहकारी संस्थाको विनियम तथा नाम स्वीकार गरी एकीकरण हुन सक्नेछ ।

(४) महिला सहकारी संस्थाहरु र विशेष रूपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्था अन्य सहकारी संस्थासँग सामान्यतया एकीकरण गरिनेछैन ।

तर क्षमता बिकास, नेतृत्व बिकास तथा साङ्गठनिक गतिशीलताको सुनिश्चितता हुने गरी एकीकरण हुन भने बाधा पर्ने छैन ।

(५) संघहरुको एकीकरण गर्दा बिषयगत कार्य मिल्नेगरी गर्नुपर्नेछ ।

तर नियम (६) को उपनियम (४) बमोजिम एकीकरण हुने संघहरुको हकमा यो उपनियम लागु हुनेछैन ।

(६) एकीकरणमा सहभागी संघ, संस्थालाई दर्ता अधिकारीबाट नियम ४४ बमोजिम प्रोत्साहन गर्न सकिनेछ ।

(७) एकीकरण पूर्वको दुवै संस्थामा दायित्व व्यवस्थापन र कर बक्यौता भुक्तानी सम्बन्धमा स्पष्ट गर्नुपर्नेछ ।

(८) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

२९. **<u>सहकारी संस्थाको विभाजन</u>:** (१) ऐनको दफा ७० बमोजिम संस्थाको विभाजन गरी दुई वा दुई भन्दा बढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र कम्तीमा एक स्थानीय तहभन्दा बढी हुनुपर्ने,

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्य सञ्चालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अबस्था हुनुपर्ने,

(ग) सदस्य संख्या बाह्र हजार भन्दा बढी भएको हुनुपर्ने,

तर, एक भन्दा बढी स्थानीय तहहरु वा एक भन्दा वढी जिल्लाहरु सम्म कार्यक्षेत्र रहेका संस्थाहरुको विभाजन गरी एक एक स्थानीय तहसम्म स्थानीयकरण गर्दा यो खण्ड लागू हुनेछैन ।

(२) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

३०. **पूर्व सहमति लिनुपर्नेः** नियम २८ र २९ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको निकाय, बैंङक वित्तिय संस्था वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारका उल्लेखनीय सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा सम्बन्धित पक्षको पूर्व सहमती लिनुपर्नेछ ।

३१. **जमानत दिने व्यक्तिको दायित्व** : (१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

(२) प्रचलित कानूनको अधीनमा रही उपनियम (१) बमोजिम दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ ।

३२. **लिक्विडेटर नियुक्तिः** (१) ऐनको दफा ७२ को उपदफा (२ ) बमोजिम सहकारी संस्थाको सम्पत्ति लिक्विडेसन गर्दा लिक्विडेटर नियुक्ति गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रु. पचास लाखसम्मको सम्पत्ति भएको संस्थाको हकमा मन्त्रालयले आफु मातहतका अधिकृत वा कर्मचारीलाई लिक्विडेटरको रुपमा काम गर्न तोक्न सक्नेछ ।

३३. **लिक्विडेटरको काम कर्तव्य र अधिकारः** (१) ऐनको दफा ७२ अन्तर्गत नियुक्त लिक्विडेटरको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विघटन भएका संघ, संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संघ, संस्था वा हालवाला वा साविकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २३ र २५ को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संघ, संस्थासँग कुनै साहुको कुनै रकम बाँकी रहेको र सो कुरा संघ, संस्थाको हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबा गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरू मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संघ, संस्था विघटन गर्ने सिलसिलामा, संघ, संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संघ, संस्थाले गरेको वा संघ, संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) संघ, संस्थाको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संघ, संस्थाको सम्पत्ति वेचविखन गर्ने ।

(झ) सरोकारवालाहरु समेतको परामर्शमा संघ, संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरूको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा संघ, संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराहरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संघ, संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई आफू समक्ष उपस्थित गराइ सोधपुछ गर्न सक्नेछ ।

३४. **लिक्विडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकारः** नियम ३३ बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :

(क) निर्देशन विपरित लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संघ, संस्थाको खातावही, कागजात, लिखत र जायजेथाहरू पेश गराउन,

(ग) लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) संघ, संस्थाको जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गर्न र वितरण गर्ने अधिकार दिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन, र

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न।

**३५. <u>लिक्विडेशन कामको समाप्तिः</u>** (१) ऐनको दफा ७१ अन्तर्गत दर्ता खारेज गरिएको कारण विघटन भएको संघ, संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछ :–

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरू दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा प्रति वर्ष शेयर पूँजीको अठार प्रतिशतका दरमा नबढ्ने गरी लाभांश वितरण गर्न ।

(२) कुनै संघ, संस्थाको विघटनको काम समाप्त भै सकेपछि पनि सो संघ, संस्थाको कुनै साहूले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संघ, संस्थाको

कोष उपर त्यस्तो साहूले आफूले पाउनु पर्ने रकमको निमित्त दाबी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

३६. **लिक्विडेशन पछिको सम्पत्तिको उपयोग** : (१) ऐनको दफा ७३ बमोजिम सहकारी संस्थाको लिक्विडेशन पश्चात सम्बन्धित संघ, संस्थाको कोषको रकम बाँकी रहन आएमा उक्त रकम दर्ता अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकता क्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघटित संघ, संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संघ, संस्था,

(ख) सो संघ, संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ,

(ग) प्रदेश सहकारी संघ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी आन्दोलनलाई योगदान पुऱ्याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा शिक्षा, स्वास्थ्य वा महिला बालबालिका तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

३७. **दर्ता अधिकारीको काम कर्तव्य र अधिकारः** दर्ता अधिकारीको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफ्नो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) नियमितरूपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामीण महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भुमीहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसख्यंक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, अन्तरसहकारी कारोबार तथा कृषि उपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली, अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिबाना तथा अन्य कारबाही गर्ने,

(ट) ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरू आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने,

(ठ) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाहरुको वार्षिक निरीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(ड) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सदस्यहरुको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न सक्ने अवस्था नरहेको वा संस्था लगातार दुई वर्षसम्म घाटामा गएको लेखा परीक्षण प्रतिवेदनमा देखिएमा वा संस्थामा गम्भिर आर्थिक कठिनाई परी

दामासाहीमा पर्न सक्ने अवस्था रहेको भन्ने निरिक्षण प्रतिवेदनमा उल्लेख भएमा दर्ता अधिकारीले त्यस्तो संस्थालाई बचत संकलनमा रोक लगाउन सक्नेछ ।

(ढ) प्रचलित कानून बमोजिम सहकारी संस्थाले प्राप्त गर्न सक्ने छुट, सुविधा र सहुलियतका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ण) यस ऐन, नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

३८. **निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः** (१) गण्डकी प्रदेश अन्तरगतका सहकारी संघ, संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्ने कर्तब्य मन्त्रालय र दर्ता अधिकारीको हुनेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, नियमावली, विनियम तथा प्रचलित कानून बमोजिम सञ्चालन तथा ब्यबस्थापन भए/गरेको नपाइएमा प्रचलित कानून बमोजिम त्यस्ता सहकारी संघ, संस्था, सञ्चालक, ब्यबस्थापक, जिम्मेबार सदस्य तथा कर्मचारीहरुलाई कारबाही गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कारबाही गर्दा संचालक समितिका सदस्य तथा कर्मचारीबाट संस्थामा आर्थिक हिनामिना भएको देखिएमा हिनामिना भएको रकम निजहरुबाट प्रचलित कानून बमोजिम असूल उपर तथा दण्ड जरिवाना गरिनेछ ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले पाँच करोड रुपैंया वा सोभन्दा बढी रकमको कारोबार भएको संस्थाले एक वर्षभित्र र अन्य संस्थाले तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भइसक्नुपर्नेछ ।

(५) उपनियम (१) बमोजिमका संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा मन्त्रालयले तोकेको मापदण्डहरू पालना गर्नुपर्नेछ ।

(६) उपनियम (२) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा दर्ता अधिकारीले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(७) दर्ता अधिकारीले पाँच करोड रुपैंयाभन्दा बढी कारोबार भएका संस्थाहरूको नियमित अनुगमन र पच्चीस करोड रुपैंयाभन्दा बढी कारोबार भएका संस्थाहरूको सघन अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

तर दर्ता अधिकारीले यसमा लेखिएको कुनै कुराले अन्य संस्थाहरूलाई नियमित वा सघन अनुगमन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(८) यस नियम बमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

३९. **संघको निरीक्षण तथा अनुगमन प्रतिवेदन**: ऐनको दफा ८० उपदफा (२) बमोजिम संघले पेश गर्ने निरीक्षण तथा अनुगमन प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू मन्त्रालयले तोके बमोजिम हुनेछ ।

४०. **वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण**: ऐनको दफा ८१ उपदफा (२) बमोजिम दर्ता अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू मन्त्रालयले तोके बमोजिम हुनेछ ।

४१. **प्रतिनिधि पठाउने व्यवस्था**: ऐनको दफा ८६ बमोजिम संघको साधारण सभामा प्रतिनिधि पठाउँदा संघको विनियममा निर्धारण गरिए बमोजिम सदस्य संस्थाका सदस्य सङ्ख्याको अनुपातको आधार लिइनेछ ।

तर त्यसरी प्रतिनिधि पठाउँदा मताधिकार प्रयोग गर्ने प्रतिनिधि सदस्य एक जना मात्र हुने गरी सम्बन्धित संस्थाले तोक्नुपर्नेछ ।

४२. **अन्तर-सहकारी कारोबार**: (१) ऐनको दफा ८९ बमोजिम अन्तर-सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) संघले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ ।

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाका सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक

संस्था मार्फत उत्पादन, सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(४) बचत तथा ऋण सम्बन्धी अन्तर सहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरूले सम्बन्धित विषयगत संघ वा सहकारी बैङकको भूमिका समेत निर्दिष्ट हुने गरी मन्त्रालयले तोकेको मापदण्ड पालना गर्नुपर्नेछ।

(५) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले स्वीकृत गरेको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिम हुनेछ ।

४३. **विवाद निरूपण समितिको गठनः** (१) ऐनको दफा ९१ बमोजिम विवाद निरुपण समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयले तोकेको रा.प. द्धितीय श्रेणी वा सो सरहको अधिकृत - संयोजक

(ख) प्रदेश सहकारी संघको प्रतिनिधि - सदस्य

(ग) विवादसँग सम्बन्धित प्रदेश बिषयगत सहकारी संघको प्रतिनिधि - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले विवादसँग सम्बन्धित सहकारी संस्थाका एक-एक प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रित गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको विवाद निरुपण समितिले आफ्नो कार्यविधि आफैं तय गर्न सक्नेछ ।

४४. **सम्मान वा पुरस्कार सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ९२ बमोजिम आधार र मापदण्ड बनाई दर्ता अधिकारीले एकीकरण गर्ने संघ, संस्था वा उत्पादन गर्ने वा सेवा प्रदान गर्ने संघ, संस्थाका सदस्य, संस्था वा निकायलाई कदरपत्र, नगद पुरस्कार, कार्यक्षेत्र बिस्तार, सेवा केन्द्र वा बिक्री केन्द्र स्थापना, अनुदान रकम प्रदान गरी सम्मान वा पुरस्कार प्रदान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा संस्थाका सदस्य, सहकारी संस्था वा निकायहरूका लागि छुट्टाछुट्टै आधारहरू तय गरी मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ ।

४५. **<u>संघ, संस्थाले विनियमावली बनाउनुपर्ने</u>** :(१) सहकारी संघ, संस्थाले आर्थिक कार्यविधि विनियमावली, शेयर तथा बचत परिचालन विनियमावली र लगानी व्यवस्थापन विनियमावली बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका संघ, संस्थाले उपनियम (१) मा उल्लिखित विनियमावलीका अतिरिक्त अन्य विनियमावली समेत बनाउन सक्नेछ ।

## अनुसूची —१

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

### सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

१. परिचय

२. संस्था गठन गर्नुपर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यावसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरू

५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण

६. पूँजी आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुमान

६.२ स्रोत

६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरू

७. बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरू ।

## अनुसूची –२

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

## आबेदकहरुको बिवरण फाराम

| सि.नं. | बाजे को नाम थर | बाबु को नाम थर | पति वा पत्नीको नाम थर | आबेदकको नाम | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको सेवाको बिवरण | | | सम्पर्क मोवाइल नं. | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सहि छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |

## अनुसूची — ३

(नियम ६ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

### व्यावसायिक कार्ययोजनाको रुपरेखा

संघ, संस्थाको नामः-

ठेगाना :-

क. उद्देश्य :-

१.........................................................
२.........................................................
३.........................................................

ख. कार्यहरु

१.........................................................
२.........................................................
३.........................................................
४.........................................................
५.........................................................
६.........................................................

ग. आगामी तीन वर्ष पछिको अवस्था प्रक्षेपण

ग-१. सदस्यता बिस्तार लक्ष्य

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य संख्या | | | | |
| -महिला | | | | |
| -पुरुष | | | | |
| -जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |

## ग-२. व्यावसायिक सेवा बिस्तार लक्ष्य

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्यको उत्पादन खरिद | | | | |
| -परिमाण (........) | | | | |
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |
| • सदस्यलाई बस्तु वा सेवा बिक्री | | | | |
| -परिमाण (....) | | | | |
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |
| • सदस्यलाई रोजगारीको अवसर श्रृजना<br>-प्रत्यक्ष पूर्णकालिन जना<br>-अप्रत्यक्ष पूर्णकालिन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसावमा जम्मा जना | | | | |
| • सदस्यलाई ऋण सेवा(वार्षिक)<br>-रकम रु.<br>-जना | | | | |
| • सदस्यलाई बचत सेवा मौज्दात<br>-रकम रु.<br>-जना | | | | |

### ग-३. सहकारी गतिबिधि बिस्तार लक्ष्य

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा वार्षिक जना | | | | |
| • गाँउ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक) | | | | |
| • सामूदायिक बिकासका योजनाहरु संचालन | | | | |

## घ. पूँजीको स्रोत र उपयोग बिवरण

| बिबरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| • आबश्यकता | | | | |
| -स्थिर पूँजीतर्फ (घर,जग्गा,कारखाना,उपकरण,फर्निचर आदि) | | | | |
| -चालु पूँजीतर्फ (मौज्दात मालसामान,उधारो बिक्री,नगद मौज्दात आदि) | | | | |
| -ऋण लगानीतर्फ | | | | |
| -जम्मा | | | | |
| • स्रोत | | | | |
| -शेयर पूँजी | | | | |
| -जगेडा कोष | | | | |

| | | | | |
|---|---|---|---|---|
| -अन्य (..........) | | | | |
| -सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| -जम्मा | | | | |

ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ-१. सञ्चालक समितिको जिम्मेवारी

ङ-२. गाँउ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

ङ-३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

ङ-४. व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

ङ-५. प्रत्येक सदस्यको जिम्मेवारी

च. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु

छ. कार्यान्वयन प्रगतिको समिक्षा एवं जवाफदेही स्थापना विधि

## अनुसूची — ४

(नियम ६ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)

### भरपाईको नमूना

भरपाई दादै प्रस्तावित ......................सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका .....................श्री ......................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरुको ..................प्रारम्भिक भेलाको मिति..............को निर्णयबमोजिम प्रति शेयर रु...........।—का दरले ..................जनाबाट जम्मा ..............कित्ताको हुन आउने जम्मा रकम रु...................।—(अक्षेरपि..............मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु..........।—का दरले हुर आउने रु..........।—(अक्षेरपी...................मात्र) गरी जम्मा रु...........।—(अक्षेरपी.......................मात्र) सहकारि संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कवोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाईमा सहिछाप गरी ......................कार्यालयमा पेश गरेको छु ।प्राप्त रकम हाल मेरो .............मा रहेको ...............हिसाव नं...............मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु ।उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राखेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

ईति सम्वत् २०...... साल.............महिना ...........गते रोज.............शुभम् ।

# अनुसूची — ५

(नियम ६ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)

## तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फाराम

| सि.न. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने मिति | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

## अनुसूची - ६

(नियम ६ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

### स्व घोषणा-पत्रको नमूना

प्रस्तावित श्री ........................सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपशिल बमोजिमका आवेदकहरुले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारणबाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :

हामी आवेदकहरु कोही पनि —

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौ;
- बैंक, बित्तिय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैंकको कानूनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ;
- यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौ;
- सम्पत्ति सुद्धिकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौ र
- सहकारी दर्शन,सिद्धान्त,मूल्य मान्यता र कानून बमोजिम स्वावलम्वन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपयुक्त व्यहोरा ठीक साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम संहुला बुझाउंला भनी सहिछाप गर्ने-

| सि.नं. | सदस्यको नाम,थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची - ७

(नियम ६ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)

अधिकार प्रत्यायोजनको नमूना

मितिः २०...../...../.....

श्री दर्ता गर्ने अधिकारीज्यू,

.........महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाँउपालिका,

कार्यालय...............।

बिषयः- अधिकार प्रत्यायोजन

महोदय,

यस प्रस्तावित ...............सहकारी संस्था लिं को मिति २०.../..../....मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानूनबमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आबश्यक काम कारबाही गर्न निम्न दस्तखत नमूना भएको तदर्थ सञ्चालक समितिका .....................श्री ..............................श्री....................................र ...........................श्री ............................समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिकोरुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| नाम | ठेगाना | पद | दस्तखत नमूना |
|---|---|---|---|
| १ श्री...................... | | | |
| २ श्री.......................... | | | |
| ३ श्री............................. | | | |

| सि.नं. | सदस्यहरुको नाम, थर | ठेगाना | सहिछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |
| | | | |
| | | | |

द्रस्टव्यः अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सवैको विवरण समावेश गर्नुपर्नेछ ।

## अनुसूची - ८

(नियम ६ को उपनियम (४) को खण्ड (ख) सँग सम्बन्धित)

## संघ दर्ताका लागि आवेदन दिने संस्थाहरुको विवरण

| सि.नं. | आवेदक संघ,संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | विषयगत वर्गिकरण | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पूँजी | जगेडा कोष | खरिद गर्ने शेयरको रकम | | | आधिकारिक प्रतिनिधिको नाम, थर | सहिछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## अनुसूची - ९

### नियम ४ सँग सम्बन्धित

### सहकारी बैंक दर्ताका लागि आवेदन दिने संस्थाहरूको विवरण

| सि.नं. | आवेदक संघ, संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | कार्यक्षेत्र | सदस्य सङ्ख्या | शेयर पूँजी | जगेडा कोष | वित्तीय अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | आधिकारिक प्रतिनिधिको गर्ने नाम, थर | सही छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लिएको रकम रु. | ऋण लिएको निकाय | जम्मा ऋण लगानी रु. | पछिल्लो आ.व.को (नाफा घाटा रकम .रु | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

## अनुसूची - १०
## नियम ५ सँग सम्बन्धित
## विशिष्टीकृत संघ दर्ताका लागि आवेदन दिने संस्थाहरूको विवरण

| सि.नं. | आवेदक संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य सङ्ख्या | शेयर पूँजी | जगेडा कोष | कारोबारको अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लगानी रु. | पछिल्लो आ.व.को जम्मा खरिद .रु | पछिल्लो आ.व.को जम्मा बिक्री रु | पछिल्लो आ.व.को नाफा) घाटा (टाको रकम .रु | प्रति शेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

अनुसूची -११

(नियम १० उपनियम (१) सँग सम्बन्धित)

विनियममा उल्लेख गर्नुपर्ने विषयहरू :

प्रस्तावना :

१.सक्षिप्त नाम र प्रारम्भ
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्यक्षेत्र
७. संस्थाको सदस्य
८. सदस्यताको योग्यता
९. सदस्यताको लागि निवेदन र प्राप्ति
१०. सदस्यताको अन्त्य
११. सदस्यको निश्कासन
१२. सदस्यताबाट राजिनामा
१३. पुन सदस्यता
१४. सदस्यको काम, कर्तब्य र अधिकार
१५. सदस्यता खुल्ला रहने
१६. सदस्यता प्राप्ति, पुन प्राप्ति र राजिनामा स्वैच्छिक हुनुपर्ने
१७. शेयर पूँजी
१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने
१९. थप शेयर खरिद गर्न सक्ने
२०. शेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृतिम छेकबार नलगाइने
२३. शेयर प्रमाण-पत्र
२४. सदस्यको दायित्व सिमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. बार्षिक साधारण सभा

२७. बिशेष साधारण सभा
२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम, कर्तब्य र अधिकार
३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१. गाँउ/टोल/उपक्षेत्रीय बैठक
३२. गाँउ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु
३३. गाँउ/टोल/उपक्षेत्रीय बैठकको कार्य ब्यबस्था
३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तब्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व श्रृंखला
३९. अध्यक्षको काम, कर्तब्य र अधिकार
४०. ब्यबस्थापकको नियुक्ति
४१. ब्यबस्थापकको काम, कर्तब्य र अधिकार
४२. बिशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्तहरु
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पूँजी फिर्ता कोष
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने
५१. बचत सङ्कलन गर्न सक्ने/नसक्ने
५२. बचत सङ्कलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने
५७. सदस्य केन्द्रीयता

५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६०. जोखिम मूल्याङ्कन
६१. कारोबार नगरिने
६२. कारोबारको लेखा
६३. खाताबही
६४. आन्तरिक हिसाव जाँच
६५. वार्षिक हिसाव जाँच
६६. बिद्युतिय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
६७. अन्य आधारभूत कागजात
६८. एकीकृत सूचना प्रणालीमा आबद्धता
६९. दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवेदन
७०. बित्तिय जानकारी एकाईमा प्रतिवेदन
७१. साधारण सभामा जानकारी गराउनु पर्ने
७२. हकवालाको मनोनयन
७३. हक दाबी वा नामसारी
७४. निर्वाचन
७५. शपथ ग्रहण
७६. एकीकरण वा विभाजन
७७. कार्यान्वयन अधिकारी
७८. मध्यस्थता
७९. समानता र समता
८०. बिनियम संशोधन
८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने
८२. ब्याख्या गर्ने अधिकार
८३. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

**आज्ञाले,**

**अच्युत प्रसाद ढकाल**

**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १००।-